सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

फैसला

०७७-CF-०००५

मुद्दाः- कर्तव्य ज्यान ।

जिल्ला मोरङ्ग, पाटी गा.वि.स., वडा नं. १ वारेफुङ्ग बस्ने शेरबहादुर राईको जाहेरीले नेपाल सरकार.....१ — वादी

विरूद्ध

भद्रलाल राईको छोरी, जिरा भन्ने हंशबहादुर राईको श्रीमती, जिल्ला मोरङ्ग, साविक पाटी गा.वि.स., वडा नं. १ वारेफुङ्ग बस्ने ऐश्वर्य भन्ने आइसोरी राई....१ — प्रतिवादी

शुरू तहमा फैसला गर्नेः- माननीय न्यायाधीश श्री फणिन्द्रप्रसाद पराजुली
मोरङ्ग जिल्ला अदालत
२०७३।१२।२७

पुनरावेदन तहमा फैसला गर्नेः- माननीय न्यायाधीश श्री उमेशराज पौड्याल
माननीय न्यायाधीश श्री साधुराम सापकोटा
उच्च अदालत विराटनगर
२०७४।११।२२

सर्वोच्च अदालत संयुक्त इजलासमा फैसला गर्नेः माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
२०७७।०८।१८

उच्च अदालत विराटनगरको मिति २०७४।११।२२ को फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९(२) बमोजिम साधक जाँचको रोहमा यस अदालतमा दायर भएको प्रस्तुत मुद्दामा संयुक्त इजलासमा माननीय न्यायाधीशहरू बीच रायमा मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-

तथ्यगत बेहोरा

1. जिल्ला मोरङ्ग, पाटी गा.वि.स., वडा नं. १ स्थित पूर्वमा कर्णबहादुर राईको बाँस झाङ्ग, पश्चिममा लोकबहादुर राईको बाँस झाङ्ग खोल्सी, उत्तरमा कर्णबहादुर राईको घर, दक्षिणमा चन्कालसिंह राईको बारी यति चार किल्लाभित्र फुसको छानो ढुङ्गा, माटोको गारो भएको उत्तर मोहोडा भएको १ तले हंशबहादुर राईको भुईं घर रहेको, उक्त घरको ढोका खोली भित्र प्रवेश गर्दा घरको बीचमा काठको खाँबो रहेको, उक्त खाँबोको दक्षिणपट्टि जिरा भन्ने हंशबहादुर राई मृत अवस्थामा घोप्टो रहेको, बाँया कान काटिएको, कानबाट पछाडिको टाउकोको भागमा ठुलो चोट लागी खोपिल्टो देखिएको, गिदी समेत देखिएको उक्त लाशबाट २ फिट ६ इन्चको दुरीमा धारिलो हतियार बञ्चरो पासोमा रगत, कपाल लतपतिएको अवस्थामा देखिएको, मृतकको मुख रगतको आहालमा घोप्टो अवस्थामा रहेको लाशको नजिक निज मृतककै श्रीमती मृतकसँग खुट्टा जोडी सुतेको, उक्त सामान समेत प्रहरीले बरामद गरेको भन्ने समेत बेहोराको मिति २०७३।०९।१३ को घटनास्थल लाशजाँच मुचुल्का।

2. मेरो काकाको छोरा जिरा भन्ने हंशबहादुर राईले विगत १२।१५ वर्ष अगाडि प्रतिवादी ऐश्वर्य राईसँग सामाजिक परम्परा अनुसार विवाह गरेकोमा निजहरूबाट कुनै सन्तान भएका थिएनन्। विगत ६/७ महिना पहिला निजहरू सगोलबाट छुट्टी भिन्न भई बस्दै आएका थिए। निज जिरा भन्ने हंशबहादुर राई मिति २०७३।०९।११ गते बिहानको खाना खाई ससुराली जान्छु भनी हिँडेको, सम्पर्कमा नरहेको भनी परिवारबाट जानकारी पाई आफन्त तथा गाँउघरमा खोजतलाश गरिरहेको अवस्थामा मिति २०७३।०९।१३ गते दिनको १३:०० बजेको समयमा मेरो काका कर्णबहादुर राई जिरा भन्ने हंशबहादुर राईको घरमा गई हेर्दा, ढोका लगाई राखेको, भित्र हेर्दा हंशबहादुर राई टाउकोमा गम्भीर चोट लागी लडिरहेका थिए। प्रतिवादी एश्वर्य राई मृतक लाश छेउमा सुतिरहेको देखी घटनाको बारेमा मलाई बताएकाले म हेर्न जाँदा ढोका लगाएको र दाजुको टाउकामा गम्भीर चोट लागी मृत अवस्थामा रहेको, प्रतिवादी भाउजू सोही स्थानमा

सुतिरहेको देखी तत्काल प्रहरीलाई सम्पर्क गरेका थियौं। प्रहरी आई लाश जाँच मुचुल्का समेत गरी मृतक लाश बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको शव गृहमा राखी अन्य भाइहरू अन्यत्र रहेको र बाबु कर्णबहादुर राई बिरामी भएको हुँदा म भाइको नाताले यो जाहेरी दिन आएको छु। छुट्टी भिन्न भएपछि प्रतिवादीले दाजुसँग सधैं झगडा गरिरहने र मादक पदार्थ सेवन गर्ने गरेका थिए। घरको ढोका लगाई मृतकसँग खुट्टा जोडी सुतिरहेको र घटनास्थलमा रगत लागेको बञ्चरो समेत फेला परेको हुँदा निज प्रतिवादीले नै दाजुलाई मार्ने मनसायले टाउकोमा बञ्चरोले प्रहार गरी कर्तव्य गरी मारेको हुँदा निजलाई पक्राउ गरी घटनामा अन्यको समेत संलग्नता भए अनुसन्धान गरी कारवाही गरिपाऊँ भन्ने समेत बेहोराको शेरबहादुर राईको मिति २०७३।०९।१४ को जाहेरी दरखास्त।

3. मेरो छोरा जिरा भन्ने हंशबहादुर राईले १२।१५ वर्ष अगाडि ऐश्वर्य राईलाई विवाह गरी ल्याई सगोल परिवारमा बस्दै आएकोमा करिब ६/७ महिना अगाडि छुट्टी भिन्न भई मेरो घरदेखि माथि अर्कै घरमा बस्दै आएका थिए। विवाह भएको १२/१५ वर्ष भइसक्दा समेत निजहरूबाट कुनै सन्तान जायजन्म भएको थिएन। बुहारी पहिला ठिकै भए तापनि ४/५ महिना अगाडिदेखि घरबाट बाहिर ननिस्किने, मादक पदार्थ सेवन गर्ने र श्रीमानसँग झगडा गर्दै आएकी थिइन्। यस्तैमा मिति २०७३।०९।११ गते छोरा ससुराली जान्छु भनी हिँडेको र सोही दिनदेखि सम्पर्क विहीन भएकोमा के कहाँ गएछ? भनी मिति २०७३।९।१३ गते १३:०० बजेको समयमा निजको घरमा जाँदा ढोका भित्रबाट लगाएको देखी चिहाएर हेर्दा, भित्र निज छोरा जिरा भन्ने हंशबहादुर राईको टाउकोमा गम्भीर चोट लागी रगतको आहालमा डुबी मृत्यु भएको र बुहारी छोरासँगै खुट्टा जोडी सुतिरहेको देखी हल्लाखल्ला गरी प्रहरीलाई बोलाई ढोका खोली हेर्दा बुहारी सुतिरहेको, छोराको लाश नजिकै बञ्चरोमा रगत कपाल लागेको अवस्थामा फेला परेको हुँदा छोरालाई निजकै श्रीमती आइसोरी भन्ने ऐश्वर्य राईले के कुन समयमा बञ्चरो प्रहार गरी कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादी उपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने समेत बेहोराको कर्ण बहादुर राईको कागज।

4. Cause Of Death Is Due To Shock As A Result Of Head Injury Produced By Both Blunt And Sharp Weapon भन्ने समेत बेहोराको मृतक जीरा भन्ने हंशबहादुर राईको शव परीक्षण प्रतिवेदन।

5. अभियुक्तको स्वास्थ्य अवस्था ठीक नभएकोले मिति २०७३।०९।२२ मा भर्ना गरिएको र मिति २०७३।११।०३ मा डिस्चार्ज भएको, डिस्चार्ज Summary Report मा Schizophrenia with alcohol dependence syndrome in uncomplicated withdrawal with alleged history of homicide भनी उल्लेख गरिएको बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको रिपोर्ट।

6. प्रतिवादीको स्वास्थ्य अवस्था ठीक नभई बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको हुँदा उपचार पश्चात् निजलाई मिति २०७३।११।०३ गते उक्त प्रतिष्ठानबाट डिस्चार्ज गरेकोले निज प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई पक्राउ गरी यसै पत्रसाथ पेश गरेका छौं भन्ने समेत बेहोराको मिति २०७३।११।०३ को मानिस पक्राउ गरी दाखिला गरेको प्र.ना.नि. धिरेन्द्र कुमार चौधरीको प्रतिवेदन।

7. श्रीमान हंशबहादुर राईसँग मेरो अन्दाजी १४/१५ वर्ष अगाडि विवाह भई हामीसँगै बस्दै आएका थियौं। हाम्रो कुनै सन्तान भएको थिएन। सोही कारण श्रीमानले पीर गरी मादक पदार्थ सेवन गर्न थाले। मैले पनि मादक पदार्थ सेवन गर्न थालें। हामी दुबैजना मादक पदार्थ सेवन गर्ने भएकाले घर परिवारमा बस्न समस्या भई करिब ७/८ महिना अगाडि श्रीमानले ससुरासँग अंश मागी अंशमा आएको जग्गामा सानो घर बनाई बस्दै आएका थियौं। खान लाउन समस्या थियो। मिति २०७३।०९।११ गते बिहान श्रीमान ससुराली जान्छु भनी हिँडेका थिए। ससुरा देवर समेतले के कता गए? भनी सोधनी गर्दा ससुराली जान्छु भनेको थियो भनी जानकारी गराएको थिएँ, गएदेखि मसँग सम्पर्क नभएको र घरमा खाने चामल समेत नभएको र खोजी वास्ता नगरेको हुँदा श्रीमानसँग रिस उठेको थियो। मिति २०७३।०९।१२ गते राति ९/१० बजेतिर रक्सी खाई घर आए। मैले कहाँ गएको थिइस् भनी सोध्दा मलाई नै गाली गरेको हुँदा राति १०:३० बजेतिर विवाद झन बढ्यो। मैले रिस थाम्न नसकी घरभित्र रहेको बञ्चरो उठाई निजको टाउकोमा हान्दा निज ओछ्यान छेउमा ढले। रिसको कारण सोही बञ्चरोले ३/४ पटक हानी म निजकै छेउमा सुतें। रक्सीको कारण म निदाएछु। निजको मृत्यु भएको मैले थाहा पाइनँ, बिहान समेत उठिनँ। एक्कासी गाँउघरका मानिसले घरको ढोका खोली उठाउँदा श्रीमानको टाउकोमा चोट लागि मृत्यु भएको जानकारी पाएको हो। आवेशमा बञ्चरो प्रहार गर्दा मृत्यु भएको हो, अन्य कोही कसैको संलग्नता छैन, पूर्व रिसइवि थिएन भन्ने समेत बेहोराको प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

8. मिति २०७३।०९।१३ गते दिनको १३:०० बजेको समयमा जिरा भन्ने हंशबहादुर राई आफ्नै घरमा मृत अवस्थामा फेला परेको भन्ने सुनी जाँदा निजको टाउकोमा गम्भीर चोट लागी आफ्नै घरभित्र मृत अवस्थामा रहेको र प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राई सोही कोठामा भित्रबाट ढोका लगाई मृतक भएकै ठाउँमा सुतिरहेको र मृतक रगतले भिजेको, धारिलो हतियार बञ्चरो समेत देखेको हुँदा निज मृतक जिरा भन्ने हंशबहादुर राईलाई निज प्रतिवादीले नै बञ्चरो प्रहार गरी कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ। निज प्रतिवादी उपर कानून बमोजिम हदैसम्मको कारवाही गरिपाऊँ भन्ने समेत बेहोराको नन्द किशोर राई, लाल कुमार राई, बिशाल राई, चक्र कुमार राई र बिनोद राई समेतले खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

9. मिति २०७३।०९।१३ गते १३:०० वजेको समयमा जिल्ला मोरङ, पाटी गा.वि.स., वडा नं. १ स्थित आफ्नै घरमा सुतेका जिरा भन्ने हंसबहादुर राईलाई निजको आफ्नै श्रीमती प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले घातक हतियार बञ्चरो प्रहार गरी कर्तव्य गरी मारेको तथ्य सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १३(१) नं. अनुसारको कसूर अपराधमा ऐ. महलको १३(१) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने समेत बेहोराको अभियोगपत्र।

10. मिति २०७३।०९।१२ गते म र मेरो पति बीचमा झगडा भएपछि निज पतिले मलाई खुकुरीले हानेका तर मलाई सो खुकुरीले लागेन। म रिसको झोंकमा तथा बिरामी पनि थिएँ। मैले निजलाई बञ्चरो प्रहार गरेँ या गरिनँ थाहा छैन। सो वारदातमा अरू कोही समेत थिएनन्। अरू कसैले पतिलाई मारेको बारेमा समेत थाहा छैन। मलाई खै कुन रोग लागेको हो थाहा छैन, रक्सी खाएको, बञ्चरो प्रहार गरेको तथा कागजमा सही गरेको समेत मलाई थाहा छैन भन्ने समेत बेहोराको प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले शुरु अदालतमा गरेको बयान।

11. मिति २०७३।०९।१३ गते मैले दिएको जाहेरी दरखास्तको बेहोरा र सहीछाप मेरो नै हो। दाजु भाउजूको कुनै झगडा भएको कुरा थाहा छैन। प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले आफ्नै श्रीमान हंशबहादुर राईलाई बञ्चरोले हानी मारेकी हुन् भन्ने सुनेको हुँ। भाउजू ऐश्वर्य भन्ने आइसोरी राई मृतकको खुट्टामा खुट्टा राखी सुतिरहेको देखेको हुँ भन्ने समेत बेहोराको जाहेरवाला सेरबहादुर राईले शुरु अदालतमा गरेको बकपत्र।

12. प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले मेरो छोरा जिरा भन्ने हंशबहादुर राईलाई बञ्चरोले हानी मारेकी हुन् भन्ने सुनेको हुँ, देखेको होइन। छोरा बुहारी किन अहिलेसम्म सुतिरहेको भनी बोलाउँदा नउठेकोले ढोकाको प्वालबाट चियाएर हेर्दा बुहारी मृतकको खुट्टामा खुट्टा जोडी सुतिरहेको थियो भन्ने समेत बेहोराको घटना विवरणमा कागज गर्ने कर्णबहादुर राईले शुरु अदालतमा गरेको बकपत्र।

13. प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले आफ्नै श्रीमान जिरा भन्ने हंशबहादुर राईलाई बञ्चरोले हानी मारेकी हुन् भन्ने समेत बेहोराको वस्तुस्थिति मुचुल्काका विशाल राईले शुरु अदालतमा गरेको बकपत्र।

14. प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले आफ्नो पति जिरा भन्ने हंशबहादुर राईलाई धारिलो हतियार बञ्चरो प्रहार गरी मारेको देखिँदा निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्छ। निज प्रतिवादीलाई ऐन बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने चित्तमा लागेको र निजलाई १२ (बाह्र) वर्ष कैदको सजाय गर्दा पनि ऐनको मकसद पूरा हुन सक्ने देखिएकोले प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई सोही बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय हुन अ.बं. १८८ नं. बमोजिम राय प्रस्तुत गरिएको छ भन्ने शुरु मोरङ जिल्ला अदालतको मिति २०७३।१२।२७ गतेको फैसला।

15. मैले मेरो पति हंशबहादुर राईलाई कुटेको मलाई थाहा नभएको र सो बखत म बिरामी भएको भनी अदालत समक्ष बयान गरेकोमा मलाई कसूरदार ठहऱ्याई गरेको उक्त फैसलामा मेरो चित्त बुझेन। शुरु अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी बदर गरी मैले अदालतमा गरेको बयान समेतलाई मध्येनजर गरी अभियोग दावीबाट सफाई पाऊँ भन्नेसमेत बेहोराको प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईको पुनरावेदनपत्र।

16. जिरा भन्ने हंशबहादुर राई घरभित्र मृत अवस्थामा रहेको, सोही ठाउँमा भित्रबाट ढोका लगाई प्रतिवादी मृतक भएकै ठाउँमा सुतिरहेको भन्ने वस्तुस्थिति मुचुल्कामा उल्लेख भएको र प्रतिवादीले अदालतमा बयान गर्दा मृतकलाई बञ्चरो प्रहार गरेँ, गरिनँ थाहा भएन, खै कुन रोग लागेको हो थाहा छैन भनी पूर्ण रूपमा अज्ञानता प्रकट गरेको समेतका कागज प्रमाणको मूल्याङ्कनको रोहमा शुरु मोरङ जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.वं. २०२ नं. को प्रयोजनार्थ छलफलको लागि उच्च सरकारी वकिल कार्यालयलाई जानकारी

दिई नियमानुसार पेश गर्नू भन्ने मिति २०७४।९।२३ गतेको उच्च अदालत विराटनगरको आदेश।

17. प्रतिवादी र मृतक लोग्ने स्वास्नी भन्ने देखिन आएको छ। पुनरावेदक प्रतिवादीले आफ्नै पतिलाई कर्तव्य गरी मार्नुपर्नेसम्मको कुनै पूर्व रिसइवि रहे भएको भन्ने कुरा मिसिलबाट देखिन आएको छैन। यी प्रतिवादीले मृतकलाई कुनै पूर्व योजना बनाई कर्तव्य गरी मारेको भन्ने पनि देखिँदैन। पुनरावेदक प्रतिवादीको मौकाको बयानबाट निजलाई आफ्ना पति (मृतक) ले खानपिनको यथोचित प्रबन्ध नमिलाई वारदातको मितिभन्दा अघिल्लो दिन घर छोडी हिँडी वारदातको दिन मात्र फर्केको कुरालाई लिएर मृतक र प्रतिवादीका बीच झैझगडा भएको र सोही झगडाको परिणाम प्रस्तुत मुद्दाको वारदात घट्न पुगेको भन्ने देखियो। वारदातको समयमा प्रतिवादीले मादक पदार्थ सेवन गरेको भन्ने पनि निजको बयानबाट देखिएको र मृतकलाई कर्तव्य गरी मारी सकेपछि पनि प्रतिवादी मृतकका साथमा रातभरि सुतेको लगायतका परिस्थितिजन्य अवस्थाहरूलाई दृष्टिगत गर्दा प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने महशुस गरी शुरु अदालतबाट कम सजाय प्रस्ताव गरी अ.वं. १८८ नं. बमोजिम व्यक्त गरेको राय समेत मिलेकै देखियो। तर वारदातको रूप र मिसिलबाट देखिएको परिस्थितिजन्य अवस्था समेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई शुरु अदालतले प्रस्ताव गरेको भन्दा पनि अझ कम सजाय ८ वर्ष (आठ) कायम गर्नको लागि राय जाहेर गरेका छौं। प्रतिवादीलाई ज्यान सम्बन्धी १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहराएको शुरु मोरङ जिल्ला अदालतको मिति २०७३।१२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने समेत बेहोराको उच्च अदालत विराटनगरको मिति २०७४।११।२२ मा भएको फैसला।

18. उच्च अदालत विराटनगरको मिति २०७४।११।२२ को फैसला बमोजिम साधक जाँचका लागि प्राप्त हुन आएको मिसिल साधक दायरीमा दर्ता गरी नियमानुसार इजलास समक्ष पेश गर्नू भन्नेसमेत बेहोराको यस अदालतको आदेश।

19. मिसिल संलग्न प्रमाणहरूको विवेचना नगरी प्रतिवादीलाई ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको उच्च अदालत विराटनगरको मिति २०७४।११।२२ को फैसला विचारणीय देखिँदा छलफलको लागि साविक मुलुकी ऐन, अ.बं. २०२ नं. तथा

प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिनू। साथै आज यस अदालतबाट सम्पर्क गर्दा निज प्रतिवादी हाल कारागार कार्यालय मोरङबाट उपचारको लागि कारागार कार्यालय जगन्नाथदेवलमा पठाइएको भन्ने कारागार कार्यालय मोरङबाट जानकारी हुन आएकोले हाल निज प्रतिवादीको स्वास्थ्य अवस्था कस्तो रहेको छ? निजलाई हाल कुन अस्पतालमा उपचार गराइरहेको छ? निज हाल थुनामा रहेको कारागारमा तुरुन्त सम्पर्क गरी जवाफ मगाई नियमानुसार गरी पेश गर्नू भन्ने यस अदालतको मिति २०७५।११।१५ को आदेश।

20. प्रतिवादीलाई जन्मकैद हुने ठहरे पनि शुरू अदालत तथा उच्च अदालतबाट मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम प्रतिवादीलाई घटी सजाय हुने गरी राय व्यक्त गरेको देखियो। सो सम्बन्धमा विचार गर्दा प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राई "Undifferentiated Schizophrenia" भन्ने मानसिक रोगी भएको तथ्य शिक्षण अस्पताल महाराजगञ्जको परीक्षण प्रतिवेदनबाट देखिन आएको छ। वारदात घटनाक्रम विवरणबाट हंशबहादुर राईको हत्या लगभग मध्य-राती (आधा-रातमा) भएको देखिन्छ। तर भोलिपल्ट दिउँसोसम्म पनि प्रतिवादी आइसोरी राई निजै हंशबहादुरको गोडाछेउमा सुती रहेको भन्ने देखिएको छ। निजको यो व्यवहारबाट निजमा वारदातको अवस्थामा निज पूर्ण रूपमा मानसिक सन्तुलनको स्थितिमा रहेको नभै मानसिक विचलनको अवस्थामा रहेको देखिन आउँदछ। यसलाई अपराधिक दायित्व घटाउने कारक तत्वको रूपमा हेर्नु पर्ने देखिन्छ। वस्तुतः कुनै व्यक्तिमा रहेको मानसिक रोग फौजदारी दायित्वबाट उन्मुक्ति पाउने अवस्थासम्मको छैन भने पनि त्यस्ता मानसिक रोगीका हकमा सजाय निर्धारण गर्दा भने विचार गर्न सकिन्छ। प्रस्तुत मुद्दामा घटना वारदात पूर्वको मृतक र प्रतिवादी बीचको सम्बन्ध, मृतकको व्यवहार, घटनाक्रम विवरण, वारदात पछिको प्रतिवादीको व्यवहार र निजको पछिल्लो स्वास्थ्य अवस्था समेतका समग्र परिस्थितितर्फ दृष्टिगत गर्दा प्रतिवादीलाई घटी सजाय हुन भनी शुरू जिल्ला अदालत तथा उच्च अदालत विराटनगरबाट राय व्यक्त गरेको मनासिव नै देखियो। तसर्थ निज प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई तत्काल प्रचलित मुलुकी ऐन, अ.वं. १८८ नं. तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम ८ (आठ) वर्ष कैद सजाय हुने ठहर्छ भन्ने व्यहोराको माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाको राय।

21. प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले घटना हुँदाको अवस्थामा उनको क्रियाकलाप तथा घटना पछि तत्काल अस्पताल समेत भर्ना गरी मानसिक रोगको उपचार गरेकोमा मानसिक अवस्था ठीक नभई सिजोफ्रेनिया (Schizophrenia) नामक रोगबाट ग्रसित भई मानसिक सन्तुलन गुमाएको व्यक्ति मान्नुपर्ने देखिन्छ र उक्त हत्या मनसाय सहितको हत्या नभई मनसाय रहित र कामको परिणामको अनुभूत नभई घटेको देखिन्छ। मनसायको अनुपस्थिति मात्र पागलपनको प्रमाण नहुने भन्ने आधार रहे तापनि प्रतिवादीले आफ्नो पतिलाई कुनै तर्कसंगत कारणबिना मारेको, वारदातबाट भाग्न वा केहि लुकाउन कुनै प्रयास नगरेको, आफूले गरेको कामको लागि कुनै पश्चाताप नदेखाएको, आफ्नो पतिको हत्या गरेपछि के भयो भन्ने बारे पूर्णतया बेवास्ता रही कुनै पनि भावना वा प्रतिक्रिया प्रदर्शन नगरेको व्यवहारको प्रमाणको आधारमा निजलाई पागलपनको प्रतिरक्षा प्रदान गरिनु पर्ने देखिन्छ। तसर्थ मुलुकी ऐन, दण्ड सजायको १ नं. को कानूनी व्यवस्था अनुसार यी प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले सजायबाट उन्मुक्ति पाउने नै देखियो। यी प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई सर्वश्व सहित जन्मकैदको सजाय हुने ठहऱ्याएको मोरङ जिल्ला अदालतको मिति २०७३/११/२७ को फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगरको मिति २०७४/११/२२ को फैसला उल्टी भई यी प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले मुलुकी ऐन, दण्ड सजायको १ नं. अनुसार आरोपित कसूरबाट उन्मुक्ति पाउने ठहर्छ भन्ने माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको राय भएको मिति २०७७।०८।१८ को यस अदालतको फैसला ।

22. प्रस्तुत मुद्दा यस अदालतको संयुक्त इजलासमा पेश भई सुनुवाई हुँदा माननीय न्यायाधीशहरूका बीचमा रायमा मतैक्य हुन नसकी रायवाझी फैसला भएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) (क) बमोजिम यस इजलास समक्ष पेश हुन आएको।

<u>यस अदालतको ठहर</u>

23. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताहरू श्री सुधा धिताल र श्री अमिता गौतमले देहाय बमोजिम बहस गर्नुभयो।

बहस जिकिर

सहन्यायाधिवक्ता	वैतनिक अधिवक्ताहरू
• प्रतिवादीले अदालतको बयानमा सबै प्रश्नको उत्तर सिलसिलाबद्ध रूपमा व्यक्त गरेबाट आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको भन्ने पुष्टि हुँदैन।	• वारदात पश्चात् यी प्रतिवादी रातभर मृतकको लाशसँग सुतेको घटनाको विश्लेषण गर्दा यी प्रतिवादी आफूले गरेको कार्यको प्रकृति र परिणामका बारेमा अनभिज्ञ रहेको पुष्टि हुन्छ।
• वारदात हुनुपूर्व प्रतिवादीलाई मानसिक रोग लागेको भनी उपचार गराएको वा सो पुष्टि हुने प्रमाण पेश गर्न सकेको छैन।	• घटनास्थलबाट तत्काल पक्राउ परेका यी प्रतिवादीको मानसिक अवस्था ठीक नभएको कारण उपचारका लागि तत्कालै अस्पतालमा राखी उपचार पश्चात् बयानका लागि उपस्थित गराइएको अवस्था छ।
• घरमा खाने चामल समेत नभएको अवस्थामा मृतकले वास्ता नगरेको रिसमा बञ्चरोले प्रहार गरेको भनी गरेको बयानबाट प्रतिवादीले मृतकलाई मारौं भन्ने नियतले हानेको र प्रतिवादीमा *mens rea* रहेको देखिन्छ।	• प्रतिवादीका ससुरा बुवा अर्थात् कर्ण बहादुर राईले बिगत ४-५ महिनादेखि बुहारी घरबाट ननिस्किने, मादक पदार्थ सेवन गर्ने, दिनहुँजसो पतिसँग झगडा गर्ने र काम नगर्ने भनी गरेको घटना विवरणको कागज समेतबाट प्रतिवादीको मानसिक अवस्था ठीक नभएको पुष्टि हुन्छ।
• रक्सी सेवन गरी वारदात गराएको अवस्था फौजदारी दायित्व उन्मुक्तिको आधार बन्न सक्दैन।	• प्रतिवादीले हालसम्म पनि पागलपनको औषधि सेवन गरिरहेको अवस्था छ।
• प्रतिवादीले सम्पूर्ण रूपमा फौजदारी दायित्वबाट छुट पाउने अवस्था छैन । ८ वर्ष कैद सजाय हुने रमय व्यक्त गरिएको माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडाको राय सदर हुनुपर्छ।	• मुलुकी ऐन, दण्डसजायको महलको १ नं बमोजिम प्रतिवादीलाई सजाय गर्न नमिल्ने भएकाले निजले फौजदारी दायित्वबाट उन्मुक्ति पाउने ठहराएको माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको राय

	सदर हुनुपर्छ।

24. यसमा, प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले आफ्नो पति जिरा भन्ने हंस बहादुर राईलाई बञ्चरो प्रहार गरी कर्तव्य गरी मारेकाले मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. र १३(१) नं. बमोजिमको कसूरमा निजलाई सोही महलको १३(१) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग मागदाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय ठहर गरी ठहर बमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा १२ वर्ष कैद सजाय हुन राय व्यक्त गरेको शुरु मोरङ जिल्ला अदालतको फैसला सदर हुने र रायको हकमा ८ (आठ) वर्ष गर्न उपयुक्त हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट भएको फैसला साधकको रोहमा यस अदालतमा पेश हुन आएकोमा संयुक्त इजलासमा माननीय न्यायाधीशहरू बीच प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले मुलुकी ऐन, दण्ड सजायको १ नं. अनुसार आरोपित कसूरमा सजायबाट उन्मुक्ति पाउने वा घटी सजाय हुन व्यक्त उच्च अदालत विराटनगरको राय सदर हुने भन्नेमा मतैक्य हुन नसकी फरकफरक राय भएकाले निर्णयार्थ यस इजलासमा पेश हुन आएको देखियो।

25. उल्लिखित तथ्य भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता तथा प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वैतनिक कानून व्यवसायीहरूले प्रस्तुत गर्नुभएको तर्कपूर्ण बहस जिकिरसमेत सुनी देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने देखिन आयो:

क) मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको हो वा होइन ?

ख) वारदात हुँदाका बखत प्रतिवादीको मानसिक अवस्था आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी बिग्रेको हो, होइन? र मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. अनुसार निज उपर सजाय हुनुनपर्ने अवस्था छ वा छैन?

ग) प्रतिवादीलाई अभियोग दाबी बमोजिमको कसूरमा सजाय ठहर गरी घटी सजाय हुन राय व्यक्त गरेको उच्च अदालत विराटनगरको फैसला मिलेको छ वा छैन?

२६. अब पहिलो अर्थात मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको हो वा होइन भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा, प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा आफूले लोग्नेलाई बञ्चरो प्रहार गरी मारेको तथ्य उल्लेख गरेको देखिन्छ। अदालतमा गरेको बयानमा

आफूलाई लागेको रोगका कारण बञ्चरो प्रहार गरे नगरेको एकिन खुलाउन नसक्ने भनी लेखाइदिएको देखिए तापनि आरोपित कसूरलाई इन्कार गरेको अवस्था देखिँदैन। मिसिल संलग्न लाश जाँच तथा घटनास्थल प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट मृतकको मृत्यु धारिलो हतियार प्रहारबाट भएको देखिन्छ। घटनास्थलबाट बञ्चरो बरामद भएको समेतका तथ्यमा विवाद छैन। वारदातस्थलमा भित्रबाट ढोका लगाएको र वारदातपश्चात् प्रतिवादी मृतक लाशसँगै सुतिरहेको अवस्थामा प्रहरीले ढोका खोली भित्र प्रवेश गरेको भन्ने प्रतिवादीको ससुरा तथा मृतकका पिता जाहेरवाला सेरबहादुर राईले अदालतमा आई गरेको बकपत्र तथा सोही बेहोराको घटना विवरण कागज गर्ने कर्णबहादुर राई र वस्तुस्थिति मुचुल्का गर्ने विशाल राईको बकपत्र समेतका मिसिल प्रमाणबाट प्रतिवादीकै चोट प्रहारबाट निजको लोग्ने जिरा भन्ने हंश बहादुर राईको मृत्यु भएको तथ्य पुष्टि भएको र सो विषयमा संयुक्त इजलासमा फरक रायसमेत नदेखिँदा त्यसतर्फ थप विवेचना गरिरहुनपर्ने अवस्था देखिएन।

२७. अब प्रतिवादीले शुरु अदालतमा बयान गर्दा र उच्च अदालत विराटनगरमा पुनरावेदन गर्दा समेत आफूलाई खै कुन रोग लागेको हो थाहा छैन। पतिलाई बञ्चरो प्रहार गरेको लगायतका वारदातको विषयमा केही थाहा नभएकाले आफूलाई आरोपित कसूरमा सजाय हुनुपर्ने होइन भनी जिकिर लिएको देखिँदा वारदात हुँदाका बखत प्रतिवादीलाई कुनै मानसिक रोग लागेको अवस्था हो, होइन? निजको मानसिक अवस्था आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी बिग्रेको हो, होइन? र मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. अनुसार निजले सजायबाट उन्मुक्ति पाउन सक्ने अवस्था छ वा छैन? भन्ने दोश्रो प्रश्नको निरूपण हुनुपर्ने देखिन आयो।

२८. उपरोक्त जिकिरका सम्बन्धमा विचार गर्दा, प्रथमतः यस सम्बन्धी कानूनी व्यवस्था हेर्नुपर्ने हुन्छ। तत्कालीन मुलुकी ऐन, दण्ड सजायको महलको १ नं मा "*कानून बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको रहेछ भने निजलाई खतबात लाग्न वा कुनै प्रकारको सजाय हुन सक्दैन*" भन्ने व्यवस्था रहेको पाइन्छ।

२९. उल्लिखित कानूनी व्यवस्था हेर्दा, कुनै व्यक्तिले कानून बमोजिम अपराध ठहरिने कुनै काम गरेको भए तापनि देहायको अवस्था भएमा निजको सो कार्यलाई कसूर कायम गर्न र सो बापत निजलाई सजाय गर्न मिल्ने देखिँदैन।

क)सो काम गर्दा निजको मानसिक अवस्था ठीक नभएको (पागल भएको वा मगज बिग्रेको वा बौलाएको)[१] र

ख)सोही कारण निजले आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउन सक्ने अवस्थाको नभएको।

३०. उल्लिखित दुई पूर्वावस्था परस्पर अन्तरप्रभावी भए तापनि यसको अर्थ, प्रभाव र परिणाममा सारभूत भिन्नता छ। **कुनै व्यक्तिको मानसिक अवस्था बिग्रेको छ वा छैन? वा कुनै व्यक्ति बौलाएको हो वा होइन? भन्ने प्रश्न मूलतः चिकित्सकीय परीक्षणका विधिद्वारा निरूपण गरिने प्रश्न हो। स्वास्थ्य जाँचबाट पहिचान गरिएको कुनै व्यक्तिको मानसिक अवस्थालाई चिकित्सकीय दृष्टिबाट परिभाषित पागलपन (Medical Insanity) भनी मान्नुपर्ने हुन्छ। तर मानसिक अवस्था बिग्रेको कारण निजले आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउन नसक्ने अवस्था हो वा होइन भन्ने प्रश्न चिकित्सकीय दृष्टिले निदान गरिएको (diagnosed) पागलपनका अतिरिक्त निजको व्यक्तिगत विवरण (case history), निजको आचरण तथा निजले गरेको कार्यसँग सम्बन्धित अन्य तथ्य र परिस्थितिको विश्लेषणबाट निर्धारण गरिनुपर्ने हुन्छ। आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा पाउने अवस्था नरहेमा मात्र त्यस्तो व्यक्तिलाई कानूनी दृष्टिमा परिभाषित पागल (Legal Insanity) भनी मान्नु पर्ने हुन्छ। चिकित्सा विज्ञानमा विकास भएको उन्नत प्रविधिबाट गरिने शारीरिक परीक्षण तथा रोगीको विगत र वर्तमानको क्रियाकलाप र व्यवहारको अध्ययन/अवलोकन लगायतका विधिबाट चिकित्सकीय दृष्टिले पागलपनको निदान गर्ने सम्बन्धमा स्वास्थ विज्ञानमा विभिन्न दृष्टिकोण (approach) को विकास भएको पाइन्छ। तथापि कानूनी दृष्टिमा पागलपनको निर्धारण घटना घटेको समयमा कर्ता (अभियुक्त)को मानसिक अस्वस्थताको स्तर तथा निजले गरिरहेको कार्यको प्रकृति र परिणाम वा असर बारेको**

[१] पागलपनलाई अंग्रेजीमा भनिने "insanity" शब्द ल्याटिन वाक्यांश "*Non Compos Mentis*" बाट आएको हो। यसको अर्थ स्वस्थ दिमाग नरहेको (not of sound mind) भन्ने हुन्छ। ल्याटिन भाषामा *Non Compos Mentis* ले सामान्यतः व्यक्तिले १) कुनै कार्यको प्रकृति थाहा पाउन सक्ने मानसिक क्षमता नहुनु र / वा २) कुनै कार्य मानसिक अस्वस्थताका कारण कानून विपरित हो भन्ने जानकारी नपाई गर्नुलाई बुझाउँछ।

अनभिज्ञता वा सोको जानकारी राख्न सक्ने क्षमताका आधारबाट गरिनुपर्ने हुँदा स्वास्थ सम्बन्धी प्रतिवेदन वा विशेषज्ञको राय सो सम्बन्धमा निर्णायक नभई निर्णयमा पुग्नका लागि महत्वपूर्ण प्रमाणसम्म हुने देखिन्छ। चिकित्सकीय दृष्टिमा मानसिक असन्तुलन वा पागलपनको प्रकृति र गम्भीरता फरक फरक हुने भएकाले[२] चिकित्सकीय दृष्टिले पागलपन ठहरिएको सबै अवस्था (case) कानूनी दृष्टिमा पागलपन मानिनुपर्छ भन्ने कुनै जरुरी ठानिँदैन। तथापि कानूनी दृष्टिमा मगज बिग्रेको स्थापित हुन प्रतिवादीको स्वास्थ्य जाँच प्रतिवेदनबाट उक्त तथ्य पुष्टि भएकै हुनुपर्छ।

३१. Dr. K.S. Narayan Reddy र Dr. O.P. Murty, द्वारा लिखित The Essentials of Forensic Medicine and Toxicology नामक पुस्तकमा व्यक्तिको मानसिक अस्वस्थताको प्रश्न उठेमा चिकित्सकीय परीक्षणका अतिरिक्त (१) कपडा पहिरन (वा नाङ्गै), अनुहार वा मुखाकृति (General appearance) (२) कुराकानी गर्ने शैली (Talking) (३) अभिव्यक्ति- सान्दर्भिक/असान्दर्भिक (Speech) (४) लेखाई- प्रयोजनहिन वा अनर्थ (Writing) (५) व्यवहार (Behaviour) (६) भाव- संवेग, खुसी, रिस आदि (Mood) (७) स्मरणशक्ति (Memory) (८) सुताई- अत्याधिक कम वा धेरै (Sleep) (९) हिडाई वा चालको शैली (Walking and gait) (१०) मनस्थिति (Attitude and posture) (११) यौन व्यवहार (Sex behavior) (१२) सतर्कता (Attention) (१३) सोच्ने प्रकृया (Thought process) र सोच्ने विषयवस्तु (Thought content) जस्ता सान्दर्भिक पक्षको शुक्ष्म अवलोकन (Observation) समेतबाट मानसिक स्वास्थ्य स्थितिको एकिन गर्नुपर्ने हुन आउँछ भनी उल्लेख गरेको देखिन्छ।[३]

३२. अर्कातर्फ कानूनी दृष्टिमा पागलपन स्थापित हुन कुनै मानसिक रोग लाग्नु वा चिकित्सकीय दृष्टिले मानसिक रोगको निदान हुनु मात्र पर्याप्त हुँदैन, त्यस्तो रोग लागेको कारणबाट रोगीले आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको तथ्य प्रमाणित हुनु आवश्यक हुन्छ। मानसिक रोग लागेको निदान गरिएको प्रमाणपत्र आफैंमा कानूनी रूपमा पागलपन स्थापित हुने निरपेक्ष आधार बन्न सक्दैन। वस्तुतः कसैलाई मानसिक रोग लागेको हुन सक्तछ, तर यसको तात्पर्य मानसिक रोग लागेको प्रत्येक व्यक्ति आफूले गरेको कामको

[२] उदाहरणका लागि बेलायतको Mental Health Act, 1959 को दफा ४ ले मानसिक असन्तुलन (mental disorder) को अवस्थालाई "severe sub-normality", "sub-normality", "psychopathic disorder" भनी वर्गीकरण गरेको छ।

[३] Dr. K.S. Narayan Reddy & Dr. O.P. Murty,*The Essentials of Forensic Medicine and Toxicology*,2017.

प्रकृति र परिणाम थाहा नपाउने अवस्थाको हुन्छ भन्ने होइन। गरिएको कार्यको प्रकृति र परिणाम थाहा पाउन सक्ने अवस्था कायम रहेसम्म कानूनतः त्यस्ता व्यक्तिलाई फौजदारी दायित्वबाट उन्मुक्ति दिने प्रयोजनका लागि पागल करार गर्न मिल्ने देखिँदैन।

३३. फौजदारी कानूनका स्थापित लेखक KN Chandrasekharn Pillai ले General Principle of Criminal Law नामक पुस्तकमा मानसिक रूपमा अस्वस्थ भएको आधारमा अपराधिक दायित्वबाट उन्मुक्ति पाउनका लागि उन्मुक्तिको दावी गर्ने प्रतिवादीले या त आफूले गरेको कार्य जानकारी राख्न नसक्ने या आफूले गरेको कार्य गलत हो भन्ने जानकारी राख्न नसक्ने अवस्थाको हुनुपर्छ[४] भनी उल्लेख गरेको पाइन्छ।

३४. यसैगरी विधिशास्त्री Kenny ले धेरै व्यक्तिहरू मानसिक रूपमा अस्वस्थ हुँदाहुँदै पनि फौजदारी दायित्वबाट उन्मुक्ति पाउन सक्ने अवस्थाका हुँदैनन् भनी आफ्नो पुस्तकमा अभिव्यक्त विचारबाट पनि चिकित्सकीय दृष्टिले पागलपनको निदान हुनु र कानूनी दृष्टिमा फौजदारी दायित्ववाट उन्मुक्ति पाउने गरी मानसिक अस्वस्थ ठहर हुनु दुई अलग विषय भन्ने स्पष्ट हुन आउँछ।[५]

३५. अब यस सम्बन्धी हाम्रो कानूनी व्यवस्था हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा १४ मा "**कुनै काम गर्दाका बखत मानसिक अस्वस्थताको कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर मानिने छैन**" भन्ने व्यवस्था रहेको देखिन्छ भने प्रस्तुत वारदात घटित हुँदाका बखत कायम रहेको मुलुकी ऐन, दण्ड सजायको १ नं. मा कानून बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा "**आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको रहेछ भने निजलाई खतबात लाग्न वा कुनै प्रकारको सजाय हुन सक्दैन**" भन्ने व्यवस्था रहेको देखिन्छ। साविकमा मुलुकी ऐनले कानून बमोजिम कसूर ठहरिने कुनै काम

---

[४] The basis for the acceptance of insanity as an excusatory defense is……. It is assumed that they do not know what they are doing or what is wrong… । (हेर्नुहोस् KN Chandrasekharan Pillai, General Principles of Criminal Law, 2nd ed., Eastern Book Company, 2011, P.401)

[५] Kenny ले पागलपनका आधारमा फौजदारी दायित्ववाट उन्मुक्ति पाउने विषयलाई यसरी उल्लेख गरेका छनः"Moreover, there are many persons, who, whilst not so insane as to be exempt from criminal responsibility, or perhaps even to require restraint, are nevertheless mentally abnormal." हेर्नुहोस् Kenny's Outlines of Criminal Law, 19th ed., Universal Law Publishing Co. Pvt. Ltd., 1966, (Second Indian Reprint 2004) page -93

गर्ने व्यक्ति "**आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको**" देखिएमा अपराधजन्य कार्यबाट उत्पन्न दायित्वबाट उन्मुक्ति पाउन सक्ने व्यवस्था गरेकोमा अपराध संहिताले साविकको व्यवस्था भन्दा अझ विस्तारित रूपमा "**कामको प्रकृति, गुण, दोष र परिणाम बुझ्न नसक्ने गरी**" मानसिक रूपमा अस्वस्थ भएको वा होस ठेगानमा नभएको व्यक्तिले फौजदारी दायित्वबाट उन्मुक्ति पाउन सक्ने व्यवस्था गरेको देखियो। उल्लिखित कानूनी व्यवस्था अनुसार कुनै कसूरजन्य कार्य गर्ने व्यक्ति सो कसूरबाट सृजना हुने फौजदारी दायित्वाट उन्मुक्त हुन कुनै मानसिक रोग लाग्नु मात्र पर्याप्त हुँदैन, त्यस्तो रोग लागेको कारणबाट "**आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने**" अवस्थाको भन्ने पनि देखिनु वा प्रमाणित हुनु आवश्यक देखियो। उक्त कानूनी व्यवस्थाको तात्पर्य मानसिक रोग लागेको भए तापनि आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा पाउन सक्ने अवस्था कायम रहेसम्म त्यस्ता व्यक्तिले फौजदारी दायित्वबाट उन्मुक्ति पाउन सक्दैन भन्ने देखिन आयो।

३६. यस प्रसङ्गमा मानसिक अस्वस्थताका कारण फौजदारी दायित्वबाट उन्मुक्ति पाउने विषयमा अन्य केही मुलुकमा भएको कानूनी व्यवस्थामा समेत दृष्टिपात गर्नु सान्दर्भिक देखिन आयो। जुन यसप्रकार देखिन्छः

क) भारतको अपराध संहिताको दफा ८४ मा "कुनै कार्य गर्दाका बखत कुनै व्यक्ति मानसिक अस्वस्थताका कारण आफूले गरेको कामको प्रकृति थाहा नपाउने वा आफूले कुनै गल्ती वा कानून विपरितको कार्य गरिरहेको छु भन्ने जानकारी राख्न नसक्ने व्यक्तिले गरेको कार्यलाई कसूर नमानिने" व्यवस्था गरेको देखिन्छ।[६] उल्लिखित व्यवस्था हेर्दा, मानसिक अस्वस्थताका कारण आफूले गरेको कामको प्रकृति थाहा नपाउने अवस्था रहेको अथवा गरिरहेको काम गलत वा कानून विपरित छ भन्ने जानकारी राख्न सक्ने अवस्थाका व्यक्तिले सोबाट उत्पन्न फौजदारी दायित्वबाट उन्मुक्ति पाउने देखिन्छ। सो व्यवस्थाबाट आफूले गरेको कामको प्रकृति थाहा पाउने तर मानसिक अस्वस्थताका कारण उक्त काम गलत वा कानून विपरितको हो भन्ने थाहा

[६] "Nothing is an offence which is done by a person who, at the time of doing it, is, by reason of unsoundness of mind, incapable of knowing the nature of the act, or that he is doing what is either wrong or contrary to law" हेर्नुहोस् Indian Penal Code 1860, Sec 84

पाउने नसक्ने वा आफूले गरेको कामको प्रकृति नै थाहा नपाउने अवस्थाका मानसिक स्थितिका अभियुक्तले फौजदारी दायित्वबाट उन्मुक्ति पाउने देखिन आउँछ।

ख) बेलायतले सन् १८८३ मा नै मानसिक अस्वस्थ व्यक्तिले गरेका कसूरजन्य कार्यको सुनुवाई सम्बन्धमा छुट्टै विशेष कानून बनाएको देखिन्छ। The Trial of Lunatics Act, 1883 को दफा २ ले कुनै फौजदारी कसूरको अभियोग लागेको व्यक्तिले सुनुवाई प्रकृयामा उपस्थित भई सो कसूर गर्दाका समयमा निज बहुलाएको (insane) भन्ने प्रमाण पेश गरेमा निजलाई कसूरदार नमानिने (not guilty) व्यवस्था गरेको पाइन्छ।[७]

ग) यसैगरी क्यानाडाको अपराध संहिताको दफा १६ मा "कुनै पनि व्यक्ति मानसिक अस्वस्थताका कारण आफूले गरेको कार्यको प्रकृतिको फरक छुट्याउन वा आफूले कुनै गलत कार्य गरिरहेको छु भन्ने बोध गर्न नसक्ने व्यक्तिले गरेको कुनै कार्य वा भूलका लागि निज अपराधिक रूपमा जिम्मेवार हुँदैन" भन्ने व्यवस्था गरेको पाइन्छ।[८]

३७. **यसप्रकार मगज बिग्रेको वा बहुलाएको व्यक्तिले गरेको फौजदारी कानून विपरितको कार्यलाई धेरै मुलुकको कानूनी व्यवस्थाले कसूरका रूपमा परिभाषा नगरी कसूरजन्य कार्यबाट उत्पन्न फौजदारी दायित्वबाट उन्मुक्ति दिएको देखिए तापनि सबै कानूनी प्रणालीमा त्यस्तो छुट प्राप्त गर्न आफूले गरेको कार्य कानून विपरितको हो वा आफूले गरेको कार्यको परिणाम के हुन्छ भन्ने मानसिक अस्वस्थताका कारण जानकारी पाउन नसकेको तथ्य स्थापित हुनुपर्ने पूर्वावस्था (threshold) निर्धारण गरेको पाइन्छ। कसूरदारमा मानसिक अस्वस्थताको अन्य प्रमाण भएको तर कसूर कायम नहुन वा सजायबाट उन्मुक्ति पाउन आवश्यक पूर्वावस्था विद्यमान नभएको अवस्थामा भने अभियुक्तमा दोषको मात्रा (culpability) मा कमी भएको (diminished capacity) मानी न्यून सजाय गर्नु फौजदारी न्यायको मान्यता अनुकुल हुन्छ। कानून बमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम**

---

[७] Where in any indictment or information any act or omission is charged against any person as an offence, and it is given in evidence on the trial of such person for that offence that he was insane, so as not to be responsible, according to law, for his actions at the time when the act was done or omission made, then, if it appears to the jury before whom such person is tried that he did the act or made the omission charged, but was insane as aforesaid at the time when he did or made the same, the jury shall return a special verdict that the accused is not guilty by reason of insanity. हेर्नुहोस् The Trial of Lunatics Act 1883,section 2

[८] "No person is criminally responsible for an act committed or an omission made while suffering from a mental disorder that rendered the person incapable of appreciating the nature and quality of the act or omission or of knowing that it was wrong" हेर्नुहोस् Criminal Code, R.S.C. 1985, c. C-46, sec 16.

थाहा नपाउने अवस्थामा रहेछ भने मात्र फौजदारी दायित्वबाट उन्मुक्तिको सुविधा पाउने हो। वस्तुतः चिकित्सा विज्ञानको परिभाषामा कुनै व्यक्ति मानसिक रूपले अस्वस्थ भए तापनि कानूनी प्रतिरक्षाको दृष्टिले यदि सो व्यक्ति वारदातको समयमा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउने अवस्थामा रहेछ भने कानूनतः पागल मान्न मिल्दैन। यदि कुनै व्यक्तिले आफूले गरेको काम गलत हो भन्ने थाहा पाएमा वा पाउने अवस्था रहेकोमा चिकित्सकीय दृष्टिमा मानसिक अस्वस्थता वा पागलपन भए तापनि न्यायिक प्रकृयामा Defense of Insanity को दावी स्थापित हुन सक्दैन। अभियुक्त वा प्रतिवादी होसमा नरहेको वा भएको घटनाको बारेमा बताउन नसक्ने वा होसपूर्वक बयान दिन नसक्ने वा आफूले घटाएको घटना गलत भनेर बुझ्न नसक्ने अवस्थामा रहेको वा घटना घटाई सोबाट बच्ने होसपूर्वकको प्रयास नगरेको जस्ता परिस्थितिको विश्लेषणबाट मात्र अभियुक्त प्रतिवादीलाई/फौजदारी दायित्वबाट उन्मुक्ति दिन सकिने हुन्छ। चिकित्सकले प्रतिवादीलाई मानसिक रोगी भनी प्रमाणित गरेकै आधारमा वा प्रतिवादीले मानसिक रोगको औषधि सेवन गरेको थियो वा गरिरहेको छ भनेकै आधारमा मात्र अभियुक्तले सजायबाट उन्मुक्ति प्राप्त गर्न सक्दैन। फौजदारी दायित्वबाट उन्मुक्ति पाउनका लागि प्रतिवादीको आचरण वा क्रियाकलापबाट घटना घटेको समयमा निजको मानसिक अस्वस्थता वा असमर्थताका कारण गरिरहेको कार्यको प्रकृति र परिणाम वा असरबारे अनभिज्ञ रहेको पुष्टि हुनुपर्दछ। स्वास्थ सम्बन्धी प्रतिवेदन वा विशेषज्ञको रायबाट मात्र यो निष्कर्षमा पुग्न मिल्दैन। स्वास्थ्य जाँच प्रतिवेदन निर्णयमा पुग्नका लागि महत्वपूर्ण सहयोगी प्रमाणसम्म हो। प्रतिवादीको दिमागी अस्वस्थता वा पागलपन पुष्टि हुने स्वास्थ्य जाँच प्रतिवेदन एक फौजदारी दायित्वबाट उन्मुक्ति पाउने एक महत्वपूर्ण आधार हुँदाहुँदै पनि पूर्वावस्थाहरूको परीक्षण नगरी सोही आधारमा मात्र फौजदारी दायित्वबाट उन्मुक्ति दिन मिल्दैन।

३८. यस सम्बन्धमा विभिन्न मुलुकका अदालतले गरेको ब्याख्या र प्रतिपादित सिद्धान्तका आधारमा विकास गरिएका पूर्वावस्था परीक्षणका विधिहरू (tests) समेत तुलनात्मक विधिशास्त्रमा पाउन सकिन्छ। त्यसरी विकसित केही महत्वपूर्ण र स्थापित परीक्षण विधिका बारेमा चर्चा गर्नु समेत यहाँ प्रासङ्गिक नै देखिन्छ। तर सो पूर्व मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई फौजदारी दायित्वबाट उन्मुक्ति दिनुपर्नेको दार्शनिक र विधिशास्त्रीय आधारको बारेमा संक्षिप्त छलफल गर्नु आवश्यक देखिन आएको छ।

३९. कानून बमोजिम कसूर ठहरिने कुनै कार्य (*actus reus*) को अस्तित्व स्थापित हुनका लागि सिद्धान्ततः त्यस्तो कार्य गर्ने व्यक्ति अर्थात् कर्तामा कुनै आपराधिक कार्य गर्ने चाहना, योजना वा कुनै आपराधिक परिणामको अपेक्षा आवश्यक ठानिन्छ। त्यस्तो चाहना वा आपराधिक परिणामको अपेक्षा नै आपराधिक मनसाय हो।[९] आपराधिक मनसायको अभावमा गरिएको कार्य अपराध हुन सक्दैन।[१०] **सामान्यतः आपराधिक मनसाय (Mens Rea) सहित गरिएको कानून विपरितको कार्य (actus reus) बाट मात्र फौजदारी दायित्व सिर्जना हुने हो। कसूर गर्ने मनसाय नराखी गरिएको कार्यबाट फौजदारी दायित्व सृजना हुन सक्दैन। वस्तुतः जानी बुझी गरेको कार्यबाट उत्पन्न परिणामप्रति मात्र व्यक्तिलाई उत्तरदायी बनाउन सकिन्छ। यस आधारबाट हेर्दा आफूले के कस्तो कार्य गर्दैछु भन्ने जानकारी नै राख्न नसक्ने वा त्यस्तो कार्यको परिणामको पुर्वानुमान गर्न सक्ने मानसिक सक्षमताको अभाव हुनु भनेको आपराधिक मनसायको अभाव हो। जुनसुकै कारणले किन नहोस् अभियुक्तले गरेको कार्यमा आपराधिक मनसायको अभाव देखिन्छ भने त्यस्तो कार्यका आधारमा कुनै व्यक्तिलाई कसूरदार ठहऱ्याई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्त विपरित हुन्छ। मानसिक अवस्था बिग्रेको व्यक्ति मानसिक रोगी हो। रोगीलाई सजाय होइन, उपचार गरिनुपर्दछ। मानसिक सन्तुलन बिग्रेको यस्ता व्यक्तिले गरेको काम कारवाहीमा पनि अपराधिक मनसायको अभाव हुने भएकाले निजहरूले गरेको कसूरजन्य कार्यबाट समेत फौजदारी दायित्व सृजना हुन सक्दैन। कसूरका हकमा यो सिद्धान्त समान रूपमा आकर्षित हुन्छ।**

४०. अपराधिक मनसाय बिना गरिएका कार्य कसूर हुन सक्दैन भन्ने सम्बन्धमा यस अदालतले यस पूर्व नै कयौं मुद्दामा विषद व्याख्या गरी सिद्धान्त प्रतिपादन गरेको समेत देखिन्छ। पुनरावेदक/प्रतिवादी देवेन्द्र पुडासैनी विरुद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग मुद्दामा यस अदालतले देहाय बमोजिम गरेको व्याख्या यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन

---

[९] कतिपय निरपेक्ष दायित्व हुने कसूरमा आपराधिक मनसायको परीक्षण गर्नु आवश्यक ठानिँदैन।

[१०] Actus non facit reum nisi mens sit rea ; The maxim that, generally, a person cannot be guilty of a crime unless two elements are present: the * *actus reus*("guilty act") and the * *mens rea* ("guilty mind"). Most criminal offences require (1) an *actus reus* (conduct "external" to the defendant's thoughts and intentions) and (2) a *mens rea* (a specific state of mind on the part of the accused). हेर्नुहोस् https://www.oxfordreference.com/display/10.1093/oi/authority.20110803095349253;jsessionid=3E17DCBD702EAE6F4036CB5779707A7F

आयो।[११] मानसिक विचलन भएको अथवा मानसिक रूपमा अस्वस्थ भएको व्यक्तिले गरेको आपराधिक कार्यमा आपराधिक दायित्वबाट उन्मुक्तिको प्रतिरक्षाको आधार बन्दछ। यसको कारण उसले गरेको कार्य या त उसले आफूले गरिरहेको छु भन्ने जानकारी राख्दैन या त आफूले गरेको कार्य गलत हो भन्ने जानकारी राख्दैन। यसैकारण स्वतन्त्र इच्छा (Free will) र स्वायत्त (Autonomy) सोचबाट निजले काम गरेको हुँदैन भन्ने मान्यता सर्वत्र स्वीकार्य विषय बनेको छ।"[१२] यस व्यवस्थाबाट कसूर कायम हुनका लागि आपराधिक मनसाय तत्वको अपरिहार्यताका बारेमा यस अदालतको दृष्टिकोण स्पष्ट देख्न सकिन्छ।

४१. पागलपनका आधारमा फौजदारी दायित्वबाट उन्मुक्ति पाउने सैद्धान्तिक मापदण्डको निर्धारण गर्ने सिलसिला उन्नाइसौँ शताब्दीदेखि बेलायतबाट अगाडि बढाइएको पाइन्छ। बेलायत लगायतका केही देशका अदालतबाट भएका यस सम्बन्धी ब्याख्या र प्रतिपादित सिद्धान्त उद्धृत गर्नु यहाँ सान्दर्भिक देखिन आयो। यस सन्दर्भमा सर्वप्रथम सत्रौँ शताब्दीमा कमन ल प्रणालीमा विकास भएको M'Naghten Test का बारेमा केही उल्लेख गरौँ।

क) **M'Naghten Test** : सन् १८४० मा Daniel M'Naghten ले तत्कालीन बेलायतका प्रधानमन्त्री Robert Peel ले आफू विरुद्द षडयन्त्र गरेको ठानी निजको निजी सचिव Edward Drummond को गोली हानी हत्या गरेको थिए। उक्त मुद्दाको सुनुवाई हुँदा अदालतले वारदात हुँदाका समयमा मेग्नटन Morbid Delusions नामक मानसिक रोगबाट ग्रसित भएको र बेलायती कमन ल अनुसार मानसिक रूपमा अस्वस्थ व्यक्तिले गरेको कार्यको लागि सजाय गर्न नमिल्ने भएकाले प्रतिवादीलाई आरोपित कसूरमा दोषी मान्न नसकिने (Not guilty by reason of insanity) र निजले मानसिक उपचारका लागि स्वास्थ्य संस्थामा बस्नुपर्ने भनी निर्णय गरेको थियो।[१३] यो निर्णयपछि बेलायतका सर्वसाधारण जनता आक्रोशित भएका र महारानी भिक्टोरियाले समेत प्रतिवादीलाई के कुन आधार (test of insanity) मा मानसिक रूपमा अस्वस्थ ठहर गरिएको हो भनी House of Lords लाई

---

[११] आपराधिक मनसायविना गरेको कार्य अपराध हुँदैन। (Act alone does not amount to guilt, it must be accompanied by mens rea) भन्ने फौजदारी दायित्वको सर्वमान्य सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। हेर्नुहोस् ने.का.प. २०७४, अंक ७, नि.नं. ९८४४।

[१२] **पुनरावेदक/प्रतिवादी देवेन्द्र पुडासैनी वि. कृष्णप्रसाद पुडासैनीको जाहेरीले नेपाल सरकार**, (ने.का.प.२०७४,अंक-७ नि.नं.९८४४)

[१३] Queen v. M' Naghten [1843] 8 Eng. Rep. 718 [HL]

पत्राचार गरेकिमा १५ सदस्यीय House of Lords ले महारानी भिक्टोरियालाई Daniel M'Naghten अपराध गरिरहँदाको अवस्थामा मानसिक रोगको कारण ठीक बेठीक छुट्याउन नसक्ने अवस्थाबाट गुज्रिएको देखिएको र मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई दोषी ठहर गर्नु कमन ल विपरित हुने भएकाले निजलाई हत्याको कसूरमा फौजदारी दायित्व बहन गराउन नमिल्ने भनी जवाफ पठाएको पाइन्छ।[१४]

M'Naghten Answer का नामले चर्चित उक्त जवाफमा कुनै कार्य गरिरहँदाको अवस्थामा मानसिक रोगको कारण ठीक बेठीक छुट्याउन नसक्ने अवस्थाबाट गुज्रिएको र सोही कारण सो कार्यको प्रकृति र परिणाम बुझ्न नसक्ने अवस्थामा भएका व्यक्तिले दोषबाट छुटकारा पाउने भनी गरिएको ब्याख्या नै फौजदारी विधिशास्त्रमा "M'Naghten Rule" नामक मान्य सिद्धान्तको रूपमा स्थापित भएको छ। सोही मुद्दामा भएको ब्याख्याबाट आधुनिक फौजदारी कानूनमा मानसिक अस्वस्थताको प्रतिरक्षा (legal defense of insanity) को अवधारणाको जन्म भएको मानिन्छ। बेलायती अदालतले त्यसपछिका अन्य विभिन्न मुद्दाहरूमा M'Naghten Test लाई अनुशरण र व्याख्या गर्दै यदि प्रतिवादीले निजले गरेको कार्य कानूनद्वारा निषेधित (Wrong in law) थियो भन्ने जानकारी राख्थ्यो र निजले गरेको कामको प्रकृति र परिणाम (Nature and Quality) थाहा थियो भने मात्र प्रतिवादी दोषी ठहर्छ भन्ने मान्यता स्थापित गरेको पाइन्छ।[१५] उक्त अवधारणाले

---

[१४] A. Every man is presumed to be sane, and to possess a sufficient degree of reason to be responsible for his crimes, until the contrary be proved.

B. To establish a defense on the ground of insanity, it must be clearly proved that, at the time of committing the act, the party accused was laboring under such a defect of reason, from disease of the mind, as not to know the nature and quality of the act he was doing, or, if he did know it, that he did not know he was doing what was wrong.

C. If the accused was conscious that the act was one which he ought not to do and if that act was at the same time contrary to the law of the land, he is punishable. हेर्नुहोस् Kenny's Outline of Criminal Law, pp.82-83

[१५] क) Court of Criminal Appeal ले R v. Codere को मुद्दामा यस्तो व्याख्या गरेको पाइन्छ;- The standard to be applied is whether according to the ordinary standard adopted by reasonable man the act was right or wrong… Once it is clear that the appellant knew that the act was wrong in law, then he was conscious that it was an act, which he ought not to do, and, as it was against the law, it was punishable by law; assuming therefore that he knew the nature and quality of the act, he was guilty of murder.हेर्नुहोस् R. v. Codere (1916) 12 Cr. App. R. 21

ख) यसैगरी Queen's Bench ले R v. Windle को मुद्दामा यस्तो व्याख्या भएको पाइन्छ"A man may be suffering from defect of reason, but, if he knows that what he is doing is wrong - and by "wrong" is meant contrary to law - he is

बेलायतको फौजदारी कानूनमा ठूलो परिवर्तन ल्याएको मात्र नभई विश्वका धेरै देशले M'Naghten Rule को नाममा यसलाई अनुशरण गरेको देखिन आउँछ।

ख) **Irresistible Impulse test (1875-1897)**[१६] M'Naghten Test ले प्रतिवादीको अपराध गर्दाको अवस्थाको मानसिक स्थितिमा ध्यान नदिएको र पुरानो भइसकेको मनोचिकित्सामा बढी भर परेको भनी M'Naghten Test को आलोचना भैरहेको अवस्थामा M'Naghten Test लाई परिमार्जित र थप फराकिलो बनाउने सन्दर्भमा Lord Justice Atkin's Committee ले सन् १९२३ मा Irresistible Impulse test को प्रस्ताव गरेको पाइन्छ। यद्यपि उक्त कमिटिले पछि उक्त प्रस्ताव फिर्ता गरेको देखिए तापनि अमेरिकी अदालतहरूले Currens Rule का नामबाट यो test को अभ्यास गरेको पाइन्छ। मानसिक रोगीले सधैं आफ्नो कामको प्रकृति र परिणाम बुझ्नै नसक्ने भन्ने हुँदैन, उसले बुझ्न र सो कार्य गलत हो भन्ने थाहा पाउन पनि सक्छ तर त्यसको बाबजुद उसको दुर्बल मानसिक अवस्थाका कारण कुनै घटना घटाउन बाध्यतावश पुग्ने अवस्थालाई मेग्नटन नियमले स्वीकार नगरेकोले कतिपय मानसिक रोगीहरू समेत सजायभागी भएको भनी अमेरिकी संघीय अदालतहरूले Irresistible Impulse Test को अभ्यास गरेको पाइन्छ। यो मान्यताले प्रतिवादी सही र गलत छुट्याउन सक्ने अवस्थाको भए तापनि मानसिक रोगका कारण अपराध गर्नबाट आफैलाई रोक्न नसक्ने (irresistible impulse) अवस्थाको भई अपराध घट्न गएको अवस्था रहेछ भने त्यस्तो अवस्थालाई समेत insanity test को मापदण्ड (thresh hold) भित्र स्वीकार गर्नुपर्नेमा जोड दिएको पाइन्छ। प्रतिवादीले आफूलाई नियन्त्रण गर्ने मानसिक क्षमता नष्ट भै गरेको कसूरजन्य कार्यबाट उत्पन्न दायित्वका हकमा Irresistible impulse को मान्यता अनुरूप उन्मुक्ति पाउनुपर्ने देखिन आउँछ।[१७]

---

responsible… Courts of law can only distinguish between that which is in accordance with law and that which is contrary to law"। हेर्नुहोस् R v Windle [1952] 2QB 826

[१६] Dr CK Parikh, Parikh's Textbook of Medical Jurisprudence, Forensic Medicine and Toxicology, Sixth Edition, CBS Publishers, New Delhi, 2001 p.6.31

[१७] Alabama Supreme Court in Parsons v. State, (81 Ala. 577 (1886) stated that even though the defendant could tell right from wrong, he was subject to "the duress of such mental disease [that] he had ... lost the power to choose between right and wrong" and that "his free agency was at the time destroyed," and thus, "the alleged crime was so connected with such mental disease, in the relation of cause and effect,

ग) **Durham Test(1954) :** अमेरिकी संघीय अदालतले सन् १९५४ मा Durham v. United States[१८] को मुद्दामा गरेको ब्याख्याका आधारमा स्थापित यो नियमले पनि अन्य नियमले जस्तै मानसिक रोग वा मानसिक खराबी (mental disease or mental defect) को कारण सृजित कुनै गैरकानूनी कार्यका लागि अभियुक्तलाई फौजदारी दायित्व बहन गराउन नमिल्ने कुरामा जोड दिएको पाइन्छ।[१९] तथापि मानसिक रोग भन्नु र मानसिक खराबी भन्नु दुई अलग अवस्था हो। रोग (disease) क्रमश: सुधार हुन वा थप बिग्रन सक्छ भने मानसिक अवस्थामा भएको खराबी स्थायी प्रकृतिको/ जन्मजात वा अन्य शारीरिक अवस्थाबाट सृजित हुन सक्ने पनि भएकाले insanity को निर्धारण गर्दा त्यसतर्फ समेत विचार गर्नुपर्नेमा जोड दिएको पाइन्छ।[२०]

४२. अब उल्लिखित सैद्धान्तिक तथा अवधारणागत पक्षको आलोकमा प्रस्तुत मुद्दाका प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईको वारदात हुँदाका बखत मानसिक अवस्था आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी बिग्रेको थियो वा थिएन र निजले गरेको कार्यलाई कसूर कायम गर्न सकिने हो वा होइन भन्नेतर्फ विचार गर्दा, प्रस्तुत घटनामा मृतक मिति २०७३।०९।११ मा घरबाट ससुराली जान भनी हिँडेको, प्रतिवादीको भनाइमा मिति २०७३।०९।१२ राति वारदात भएको र मिति २०७३।०९।१३ मा प्रतिवादी र मृतक खट्टामा खुट्टा जोडी सुतिरहेको अवस्थामा फेला परेको देखिन्छ। निज प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले आफ्नै पति हंश बहादुर राईलाई धारिलो हतियार बञ्चरो प्रहार गरी कर्तव्य गरी मारेकोमा वारदात पश्चात् निज प्रतिवादी ऐश्वर्य भन्ने आईसोरी राईको स्वास्थ्य अवस्था ठीक नभई बी.पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको हुँदा उपचार पश्चात्

---

as to have been the product of it solely. थप हेर्नुहोस् *People v.Finley*, 38 Mich. 482, 483 (1878), People v. Durfee, 62 Mich. 487, 29, State v. Johnson, 40 Conn. 136, 142 (1873).

[१८] 214 F.2d 862 (D.C. Cir. 1954)।

[१९] "It is simply that an accused is not criminally responsible if his unlawful act was the product of mental disease or mental defect. हेर्नुहोस् Oliver Gasch, Prosecution Problems under the Durham Rule, The Catholic Lawyer, The Catholic Lawyer, vol.5, No. 1, p.6.

[२०] We use disease in the sense of a condition which is considered capable of either improving or deteriorating. We use defect in the sense of a condition which is not considered capable of either improving or deteriorating and which may be either congenital, or the result of injury, or the residual effect of a physical or mental disease. हेर्नुहोस् Andrea L. Alden, *Disorder in the Court: Morality, Myth, and the Insanity Defense*, The University of Alabama Press, 2018

निजलाई मिति २०७३।११।०३ गते उक्त प्रतिष्ठानबाट डिस्चार्ज गरेकोले निज प्रतिवादीलाई पक्राउ पूर्जी दिई विधिवत पक्राउ गरिएको भन्ने मिसिल संलग्न इलाका प्रहरी कार्यालय बेलबारी मोरङ्गमा चढाएको प्रतिवेदनबाट देखिन्छ। उक्त तथ्य मिसिल संलग्न बी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान (BP Koirala Institute of Health Science) को Department of Psychiatry को मिति २०७३।११।०३ को बहिर्गत टिपोट (Discharge Summary) बाट समेत समर्थित हुन आउँछ। उक्त Discharge Summary हेर्दा, रोगको निदान (Diagnosis) खण्डमा मनोरोग वा मानसिक रोग (Unspecified Psychosis) र रोगको प्रकार वा किसिम (Diagnosis) खण्डमा Schizophrenia भनी उल्लेख गरेबाट निज प्रतिवादी Schizophrenia नामक मानसिक रोगबाट ग्रसित भएको भन्ने देखिन आउँछ। यस अतिरिक्त प्रतिवादी ऐश्वर्य भन्ने आईसोरी राईको हालको स्वास्थ्य अवस्थाका बारेमा यस अदालतको मिति २०७५।११।१५ को आदेशबाट प्रतिवेदन माग गरिएको केन्द्रीय कारागार अस्पतालले मिति २०७७।०४।०२ को पत्रमार्फत निज प्रतिवादी"Undifferentiated Schizophrenia" भन्ने मानसिक रोगी भएको र निजले निरन्तर औषधि सेवन गरिरहेको भन्ने शिक्षण अस्पताल महाराजगंजको परीक्षण प्रतिवेदन प्रेषित गरेको देखिन आएबाट यी प्रतिवादी आइसोरी राईलाई Schizophrenia नामक मानसिक रोग लागेको तथ्य पुनर्पुष्टि हुन आउँछ।

४३. अब Schizophrenia भन्ने मानसिक रोग के कस्तो प्रकृतिको हो र यसबाट सम्बन्धित व्यक्तिलाई के कस्तो असर प्रभाव पर्ने/ देखिने रहेछ भन्ने सम्बन्धमा विवेचना गर्नुपर्ने देखियो। Parikh ले आफ्नो पुस्तक Medical Jurisprudence मा Schizophrenia बाट ग्रसित व्यक्तिहरूमा फरक फरक लक्षणहरू देखिन सक्ने भए तापनि मुख्य समस्याका रूपमा विश्रृङ्खलित सोच र भावनात्मक ब्यग्रता (disorder of thought and disintegration of emotional stability) रहेको हुन्छ भनी उल्लेख गरेको पाइन्छ।[२१] उनले यस्ता व्यक्तिलाई भावना र सोचाई लयमा नभएका spilt personality का रूपमा चित्रित गरेका छन्।

४४. The World Health Organization ले Schizophrenia लाई व्यक्तिको सोच्ने, अनुभूत गर्ने वा अभिव्यक्त गर्ने शैलीलाई विकृत र विश्रृङ्खल गराइदिने मानसिक असन्तुलनको अवस्था भनी

[२१] The term Schizophrenia is now used to cover a group of conditions that certain characteristics in common and that may arise in a number of different ways….the key factors are disorder of thought and disintegration of emotional stability. हेर्नुहोस् supra note 14,p.6.11.

परिभाषित गरेको पाइन्छ।[२२] यसैगरी Richard Sloane द्वारा प्रकाशित Medical Legal Dictionary मा Schizophrenia लाई एक अत्यन्त गम्भीर भावनात्मक विश्रृङ्खलता, भय र मतिभ्रमपूर्ण मानसिक असन्तुलनको अवस्था भनी चित्रित गरेको पाइन्छ।[२३]

४५. माथि उल्लिखित सन्दर्भ सामग्रीहरूको अध्ययनबाट Schizophrenia ले व्यक्तिको सोच्ने र अनुभूत गर्ने क्षमतालाई असर गर्ने तथा ब्यवहारमा फरक ल्याउने स्पष्ट हुन आउँछ। National Institute of Mental Health (NIMH) ले गरेको एक अध्ययनले Schizophrenia बाट ग्रस्त व्यक्तिहरूमा देखा पर्ने असरलाई मनोवैज्ञानिक लक्षणहरू (Psychotic Symptoms), नकारात्मक लक्षणहरू (Negative Symptoms) र बोधजन्य लक्षणहरू (Cognitive Symptoms) गरी तीन वर्गमा विभाजित गरेको देखिन्छ।[२४]

४६. Schizophrenia का बिरामीमा एक किसिमको मतिभ्रम (Hallucinations and Delusions) पैदा भई नभएको आवाज सुन्ने वा नभएका चीजहरू देख्ने लगायत रूप, गन्ध, स्पर्श, स्वाद र आवाज आदिका सम्बन्धमा विश्रृङ्खलित सोच र असामान्य व्यवहारहरू प्रकट हुने गर्छ जुन बिरामीका मनोवैज्ञानिक लक्षणहरू हुन्। यो रोगबाट ग्रसित व्यक्तिमा अक्सर कसैले आफूलाई गम्भीर मानसिक र शारीरिक पीडा दिई सताएको (tormented) वा कसैले पिछा गरेको (followed) वा रूपमा समाप्त पारेको वा हानी पुऱ्याएको (sabotaged) अथवा धोकामा पारेको (tricked) अथवा जासुसी गरिएको (spied) अथवा उपहास (ridiculed) गरेको जस्ता विकृत सोच र अनुभूति (disorder of thought) राखेको हुन्छन् भनी उल्लिखित अध्ययन प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। यसैगरी यस रोगका बिरामीमा प्रेरणा र उत्साह गुमाउने, उदासीन रहने, दैनिक

---

[२२] "Schizophrenia is a severe psychiatric disorder. It is a psychosis, a type of mental illness characterized by distortions in thinking, perception, emotions, language, sense of self and behavior") हेर्नुहोस् Richard Warner & Giovanni d e Girolamo,EPIDEMIOLOGY OF MENTAL DISORDERS AND PSYCHOSOCIAL PROBLEMS, Schizophrenia, World Health Organization,1995, https://apps.who.int/iris/handle/10665/4174

[२३] "One of the group of severe emotional disorders, usually of psychotics proportions, characterized by misinterpretation and retreat from reality, delusions, hallucinations, ambivalence, in appropriate affect and withdrawn, bizarre or regressive behaviors popularly and erroneously called split personality Medical Legal Dictionary, Sloane-Docland, p. 628

[२४] From the website of National Institute of Mental Health (NIMH) which is the lead federal agency for research on mental disorders. NIMH is one of the 27 Institutes and Centers that make up the National Institutes of Health (NIH), the largest biomedical research agency in the world. NIH is part of the U.S. Department of Health and Human Services (HHS).हेर्नुहोस् https://www.nimh.nih.gov/health/topics/schizophrenia/index.shtml

गतिविधिहरूमा सन्तुष्टिको अनुभव गर्न नसक्ने तथा आफ्ना भावनाहरू देखाउन र व्यक्त गर्न कठिनाई महसुस गर्ने जस्ता नकारात्मक लक्षण र स्मरण शक्ति कमजोर वा नष्ट हुने, कुनै विषयमा ध्यान वा एकाग्रता नहुने जस्ता बोधात्मक प्रकृयासँग सम्बन्धित समस्याहरू (Cognitive Symptoms) देखा पर्दछन् भनी उल्लेख गरेको पाइन्छ।

४७. प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईको मिसिल संलग्न स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा, प्रतिवादीको डिस्चार्ज रिपोर्टको Summary खण्डमा निज प्रतिवादी जतिबेला पनि एक्लै बर्बराउने, भयभित र आतङ्कित जस्तो देखिने, झोक्राउने जस्ता लक्षणहरू[२५] तथा Mental State Examination खण्डमा निजलाई गरेको संवोधनप्रति कुनै प्रतिकृया नदिने (Greeting not responded), आँखामा सिधा हेर्न नसक्ने (eye contact not made), केही प्रश्न सोध्दा अर्कोतिर फर्कने (turning away from interviewer) र एकोहोरो र विश्रृङ्खलित गतिबिधि (Slightly increased psychomotor activity) गरेको भन्ने उल्लेख भएको देखिन्छ। यस प्रकार माथि उल्लेख गरिएका विभिन्न सन्दर्भ सामग्रीहरूमा उल्लेख भए अनुरूपका लक्षणहरू यी प्रतिवादीमा समेत पाइएबाट निज अस्पताल भर्ना हुँदा र डिस्चार्ज हुँदाका अवस्थामा समेत Schizophrenia नामक मानसिक अस्वस्थताको समस्याबाट निरन्तर ग्रसित भइरहेको भन्ने तथ्य स्थापित हुन्छ।

४८. अब मुद्दाको तथ्यको रोहमा प्रतिवादीको मानसिक अवस्थताको स्तर वा गम्भीरता समेतको विश्लेषण गरी कसूर गर्दाका अवस्थामा निज प्रतिवादी उक्त कार्य कानूनले निषेधित कार्य हो भनी बुझ्न नसक्ने मानसिक अवस्थाको वा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउन नसक्ने अवस्थाको हो वा होइन? भन्ने एकिन गर्नुपर्ने देखिन आएको छ। प्रतिवादीमा कसूर गर्दाको अवस्थामा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउन सक्ने मानसिक सक्षमता थियो वा थिएन? भनी मुल रूपमा मुद्दाको तथ्य विश्लेषण गरी एकिन गरिने प्रश्न हो तथापि चिकित्सा विधिशास्त्रमा यसको पहिचान गर्ने विभिन्न आधारहरूको उल्लेखन गरेको पाइन्छ। S.P Singh Parmer र Manoj J Parekh ले आफ्नो **Principle and Practice of Medical Jurisprudence and Toxicology** नामक पुस्तकमा न्यायिक प्रकृयामा पागलपनको

[२५] (..."withdrawn to self, muttering to self, history suggestive of auditory hallucinations, delusion of persecution"...)

जिकिर स्थापित हुन कम्तीमा पनि निम्न तीन पूर्वावस्थाको विद्यमानता हुनुपर्ने भनी उल्लेख गरेका छन्।[२६]

क) वारदात हुनुभन्दा अघि नै प्रतिवादी मानसिक अस्वस्थ रहेको देखिनुपर्ने (The past history of murderer)

ख) कसूर गर्दाको अवस्थामा प्रतिवादी पागल रहेको देखिनुपर्ने र ,

ग) कसूरदारको परीक्षण हुँदाका बखत मानसिक रूपमा अस्वस्थ देखिनुपर्ने।

४९. यसैगरी चिकित्सा विधिशास्त्रका प्रसिद्ध लेखक JP Modi ले आफ्नो चर्चित पुस्तक Textbook of Medical Jurisprudence and Toxicology मा पागलपनका आधारमा कसूरदारलाई सजायबाट उन्मुक्ति दिनका लागि देहायको आधारहरू हेरिनुपर्ने भनी उल्लेख गरेका छन्[२७]:-

क) प्रतिवादीको व्यक्तिगत विवरण (The personal history of murderer),

ख) उद्देश्यको अभाव रहेको (Absence of Motive),

ग) कसूर लुकाउने कुनै प्रकारको प्रयासको अभाव रहेको (Absence of secrecy),

घ) पूर्व तयारी तथा व्यवस्थापनको अभाव रहेको (Absence of preparedness and pre-arrangement) ,

ङ) कसूरबाट भाग्ने वा उम्किने प्रयासको अभाव (Absence of want of accomplices)।

५०. अब माथि उल्लिखित आधारहरूलाई प्रस्तुत मुद्दाको वस्तु तथ्यको आलोकमा दृष्टिगत गर्दा प्रतिवादीले विगत दुई तिन महिनादेखि एक्लै झोक्राउने, घरमै बसिरहने, अरुसँग घुलमिल नगर्ने गरेको भन्ने देखिन्छ। निजले मौकामा बयान गर्दा, "श्रीमान ससुराली जान्छु भनी खाना खाई घरबाट निस्केका थिए। लामो समयसम्म पनि घर नआएकोमा घर आउँदा रक्सी खाएर आए। मैले कहाँ गएको भनी सोध्दा गाली गरेकोले मैले श्रीमानलाई बञ्चरोले हिर्काएको हुँ। घरमा खाने चामल पनि थिएन। कुनै सोधीखोजी नगरी सम्पर्क विहिन रहेको र रक्सी खाई आई मसँग झैझगडा गरेका थिए। सोही विवादमा मैले श्रीमानलाई ३/४ पटक बञ्चरोले हिर्काएको थिएँ। निज लडेपछि म पनि निजैसँग सुतेको हुँ" भनी उल्लेख गरेको र सो बेहोरा तथ्ययुक्त र

[२६] "S.P. Singh Parmar and Manoj H. Parekh, *Parekh & Parmar's Principle and Practice of Medical Jurisprudence and Toxicology*, (Dwivedi & Company, Allahbad-211 001, 2007), p.666."

[२७] Jaising P. Modi, *A* Text-*Book of Medical Jurisprudence and Toxicology*,26th Ed, Lexis Nexis,2021.

सिलसिलाबद्ध जस्तो देखिए तापनि प्रतिवादीलाई मौकामा पक्राउ गरिएकोमा तत्काल बयान गराउने लगायतका अनुसन्धान तहकिकातको कार्य गर्नुपर्नेमा सो नगरी मानसिक अस्वस्थताको उपचार गर्न अस्पताल भर्ना गरी लामो समयसम्म उपचार गराई डिस्चार्ज भएपश्चात् मात्र बयान गराइएको देखिएबाट निजको बयान अभिव्यक्तिमा केही सिलसिला मिलेको जस्तो देखिनु अस्वाभाविक देखिएन। निजले विश्रृङ्खलित रूपमा व्यक्त गरेका भनाई समेत सम्बन्धित अधिकारीले सिलसिला मिलाई लिपिबद्ध गराउन सक्ने अवस्थासमेत रहँदा प्रतिवादीले निजलाई सोधिएको प्रश्नको जवाफ दिन सकेको भन्ने आधारमा मात्र निजको मानसिक अस्वस्थताको गम्भीरतालाई इन्कार गर्न मिल्ने देखिएन। प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राई आफ्नो पतिलाई बञ्चरो प्रहार गरी रक्ताम्य बनाए पश्चात् रातभर निज पतिसँगै सुतेको देखिन्छ। कुनै पनि सामान्य मानसिक अवस्था भएको व्यक्ति मृतक लाशसँग रातभर सँगै सुत्न सक्ने परिकल्पना गर्न सकिँदैन। आफैले बञ्चरो प्रहार गरी रक्ताम्य (घाइते वा मृतक) बनाइएका व्यक्तिसँग केही पनि नभए जस्तो गरी रातभरी (भोलिपल्ट मध्यान्हसम्म) सँगै सुत्नु र पतिको मृत्युका सम्बन्धमा कुनै जानकारी, पीडा, पश्चाताप, संवेग वा प्रतिक्रिया नभई भावशुन्य अवस्थामा भेटिनु आफैंमा चरम मानसिक अस्वस्थताको द्योतक हो। आफ्नो श्रीमानलाई बञ्चरोले प्रहार गरे पश्चात् पनि निज मरे बाँचेको के अवस्था छ? सो सम्बन्धमा समेत यी प्रतिवादी बेमतलब रहेको देखिन्छ। निजले आफूले गरेको अपराध कसूर लुकाउने, छिपाउने वा प्रमाण नष्ट गर्ने वा वारदातबाट भाग्ने उम्कने प्रयास गरेको देखिँदैन। प्रतिवादी मृतक लाशसँग सँगै सुत्नु, कसूर अपराध लुकाउन छिपाउन प्रयास नगर्नु, प्रमाण लुकाउने छिपाउने वा नष्ट गर्ने प्रयास नगर्नु, कसूरबाट भाग्ने उम्कने प्रयास नगर्नु तथा निजबाट वारदातका सम्बन्धमा कुनै दुःख, पश्चाताप विस्मय वा अन्य कुनै स्वाभाविक मानवीय संवेगात्मक प्रतिकृया व्यक्त नगर्नुलाई निज मानसिक रूपमा अस्वस्थ भई आफूले गरेको कार्य कानून विपरित हो भनी वा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउन नसक्ने अवस्थामा रहेको भनी मान्नुपर्ने देखिन आयो।

५१. यसबाट कसूर गर्दाको अवस्थामा प्रतिवादीको मानसिक अवस्था सामान्य थिएन भन्ने तथ्य स्थापित हुन्छ। प्रतिवादीलाई वारदात स्थलबाट पक्राउ गरी स्वास्थ्य जाँच गराइएको अवस्था छ। उक्त स्वास्थ्य जाँच प्रतिवेदनमा निजको मानसिक अवस्था ठीक नदेखिएको र सिजोफ्रेनिया नामक पागलपनबाट ग्रसित भएको देखिएबाट पनि निज प्रतिवादी सोही सिजोफ्रेनिया नामक

मानसिक रोगको कारण आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा पुगेको भन्ने तथ्य स्थापित हुन आउँछ।

५२. प्रतिवादीले मौकाको बयानमा श्रीमान रक्सी खाई घर आएपछि झैझगडा हुँदा निजले बञ्चरोले प्रहार गरेको भन्ने उल्लेख गरेको भए तापनि प्रतिवादीको कसूर गर्दाको अवस्थाको आचरणको शुक्ष्मतम विश्लेषण गर्दा निजले आफ्नो लोग्नेलाई मारौं भन्ने उद्देश्यले प्रहार गरेको वा रिस वा आवेश प्रेरित भई प्रहार गरेको नभई निजको मानसिक विक्षिप्तताका कारण आफूले के गर्दैछु र सोको परिणाम के हुने भन्ने सोच्न, विचार गर्न नसकी नजिकै भएको बञ्चरो प्रहार गरेको देखिन आयो। वारदात हुँदाका बखत प्रतिवादी निजले गरिरहेको कामको प्रकृति र परिणाम थाहा पाउन नसक्ने अवस्थाको थियो भन्ने तथ्य निजको वारदात पूर्वको वारदातको अवस्थाको र वारदातपश्चातको आचरणसमेतको विश्लेषण गरी एकिन गर्नुपर्ने हुन्छ। मिसिल तथ्यबाट देखिएको निजको वारदातपूर्वदेखि वारदात पश्चातसम्मको आचरण तथा व्यवहारको शुक्ष्मतम विश्लेषणबाट प्रतिवादी वारदात गर्दाका अवस्थामा आफूले गरेको कार्यको प्रकृति र परिणाम जान्ने बुझ्ने वा थाहा पाउने अवस्थामा नै रहेको भनी निष्कर्षमा पुग्न सक्ने अवस्था देखिएन।

५३. जहाँसम्म वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई पहिल्यै देखि सिजोफ्रेनिया वा अन्य कुनै मानसिक रोग रहेको पुष्टि हुने प्रमाण मिसिल सामेल नभएको हुँदा Defense of Insanity को दाबी लिन नमिल्ने भनी लिएको जिकिर छ, सोतर्फ विचार गर्दा, **कसूरदारले मानसिक अवस्था विग्रेको आधारमा कसूरबाट सफाई पाउनुपर्ने जिकिर लिंदा वारदात मिति भन्दा अघि देखि नै प्रतिवादीको मानसिक अवस्था बिग्रेको थियो भन्ने तथ्य मिसिलबाट स्थापित हुनुपर्दछ। वारदातपूर्व नै प्रतिवादीको मानसिक अवस्था बिग्रेको थियो भन्ने तथ्यगत प्रमाण मिसिलबाट देखिएको र त्यस्तो मानसिक असन्तुलनको अवस्था वारदात हुँदा र प्रतिवादीको स्वास्थ जाँच हुँदाका अवस्था सम्म निरन्तर कायम रहेमा (continuity of chain of evidence) मात्र पागलपनका आधारमा फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त गर्ने चिकित्सकीय आधार सृजना हुन्छ। सोको प्राथमिक प्रमाण प्रतिवादीको मानसिक अवस्थाको चिकित्सकीय जाँच प्रतिवेदन नै हो। तथापि मिसिल तथ्यबाट प्रतिवादीको मानसिक अवस्था वारदातपूर्व नै बिग्रिएको थियो भन्ने देखिन आएको स्थितिमा स्वास्थ्य जाँच प्रतिवेदन**

नभएकै आधारमा मिसिलबाट देखिएको मानसिक अस्वस्थताको यथार्थलाई इन्कार गर्नु न्यायोचित हुँदैन। मानसिक रूपमा अस्वस्थ हुनु र सो को चिकित्सकीय परीक्षणको निस्सा सामेल गर्नु दुई अलग विषय हो। सबै मानसिक रोगीहरूले समयमै उपचार गराएका हुन्छन् भनी अनुमान गर्नु तर्कसंगत र यथार्थपरकसमेत हुँदैन। रोगको उपचार वा चिकित्सकीय परीक्षणको प्रमाणको उपलब्धता प्रतिवादीको आर्थिक सामाजिक अवस्था, स्वास्थ्य सेवाको उपलब्धता, स्वास्थ्य सेवामा पहुँच र सेवाको गुणस्तरीयता जस्ता अनेकौ परिस्थितिबाट प्रभावित भएको हुन्छ। हाम्रो जस्तो स्वास्थ्य सेवा प्रणाली प्रभावकारी नभएको समाजमा स्वास्थ्य सेवामा सहज पहुँचको विषय धेरै नै चुनौतीपूर्ण छ। दुर्गम र ग्रामीणक्षेत्रका न्यून आर्थिक अवस्थाका व्यक्तिका हकमा त यो स्थिति अझ कठिन छ। त्यसमा पनि मानसिक रोगको उपचारलाई खासै चासो नदेखाएको यस सम्बन्धी अध्ययनहरूले देखाउँछ।[२८] मानसिक स्वास्थ्य समस्या देखिएका व्यक्तिलाई पागलका रूपमा भेदभाव र हेला होचो गर्ने सामाजिक परिवेशले समेत कतिपय व्यक्तिहरू मानसिक रोग लागे पनि अरुलाई नबताउने वा जँचाउन नजाने गरेको जस्ता सामजिक यथार्थलाई सहजै बोध गर्न सकिन्छ।

५४. उल्लिखित परिवेशमा प्रस्तुत मुद्दाको तथ्यलाई हेर्दा, मिसिलबाट प्रतिवादीको घरमा खाने चामलसमेत नभएकाले भोकै सुत्नु परेको भन्ने खुल्न आउँछ। प्रतिवादीका ससुरा तथा मृतकका पिता जाहेरवाला शेर बहादुर राईले मौकाको बयान तथा अदालतमा गरेको बकपत्रमा समेत प्रतिवादी दुई तिन महिना अगाडि देखि एक्लै झोक्राउने, घरमै बसिरहने र अरुसँग घुलमेल नहुने गरेकी भनी सिजोफ्रेनियाका रोगको लक्षणसँग मिल्दो जुल्दो लक्षण बताएको देखिन्छ। तथापि समयमै निजको स्वास्थ जाँच गरेको भन्ने देखिन आउँदैन। प्रतिवादीको अत्यन्त कमजोर आर्थिक अवस्था तथा मानसिक रोग प्रतिको सचेतना, सजगता एवम् उपचार र सेवामा पहुँच लगायतका व्यवधान र सीमाहरूले मौकामा स्वास्थ्य जाँच हुन नसक्नुका कारणहरू स्पष्ट हुन आउँछ। मिसिलबाट देखिएको यो परिवेशलाई अनदेखा गरी वारदातपूर्व प्रतिवादीको मानसिक अवस्था बिग्रेको चिकित्सकीय परीक्षणको प्रमाण नरहेको भनी निजको मानसिक अस्वस्थतालाई इन्कार गर्नु विवेकपूर्ण निष्कर्ष हुन सक्दैन। प्रतिवादीको मानसिक स्वास्थ्य जाँच वारदात पछि मात्र गरिएको भए तापनि निजमा मानसिक अस्वस्थताका स्पष्ट लक्षणहरू वारदात हुनु भन्दा अगाडि

[२८] हेर्नुहोस् https://cdn.who.int/media/docs/default-source/mental-health/special-initiative/who-special-initiative-country-report---nepal---2022.pdf?sfvrsn=714028db_3&download=true

देखि नै रहेको भनी प्रतिवादीका ससुरा तथा मौकामा घटना विवरण कागज लेखाई दिने व्यक्तिहरू समेतले अदालतमा आई गरेको बकपत्रबाट देखिएको र वारदात पछि गरिएको प्रतिवादीको स्वास्थ्य परीक्षणमा निज मानसिक रोगी भएको उल्लेख भएको अवस्थामा प्रतिवादीमा वारदातपूर्व देखिएको मानसिक असन्तुलनको अवस्था नै वारदातका समयमा र वारदात पश्चात समेत निरन्तर रहिरहेको भन्ने पुष्टि हुन आउँछ। वारदातपूर्व मानसिक असन्तुलन पुष्टि हुने प्रमाण नरहेको भन्ने विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन। प्रतिवादी आइसोरी राई वारदात पूर्व नै मानसिक रूपमा अस्वस्थ भएको र वारदात हुँदाका बखत र सो पश्चातसमेत त्यस्तो अस्वस्थताको निरन्तरता रहिरहेको देखिँदा निजले सो अवस्थामा गरेको कार्य वापत फौजदारी दायित्व सृजना हुन सक्ने देखिएन।

५५. यसप्रकार मानसिक अवस्था ठीक नभई आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा पाउन सक्ने अवस्था नभएका प्रतिवादीबाट भएको कार्यलाई कसूर मानी सजाय गर्न नमिल्ने भनी यस अदालतबाट केही मुद्दामा भएका व्याख्यासमेत उल्लेख गर्नु यहाँ सान्दर्भिक देखिन आयो।

क) *पुनरावेदक प्रतिवादी तीर्थ डंगोल वि.श्री ५ को सरकार*[२९] भएको मुद्दामा मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. को व्याख्या गरी "मानसिक असन्तुलनको कारणले हत्या गरेको हुँदा दण्ड सजायको महलको १ नं. बमोजिम कुनै सजाय नहुने भनी गरेको इन्साफ सदर हुन्छ" भनी फैसला गरेको पाइन्छ। उक्त मुद्दामा प्रतिवादी तीर्थ डंगोलले छोरीलाई दुध खुवाइरहेकी श्रीमतीको हत्या गरेकोमा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट प्रतिवादी तीर्थ डंगोल सिजोफ्रेनिया नामक मानसिक रोगबाट पीडित भएको र सो रोगको लक्षणमा मानसिक असन्तुलन हुँदा आफ्नै चारैतर्फको वातावरणमा आफूलाई खतरा भएको लाग्ने र हत्या गर्ने इत्यादि उसको न्यूरोलोजिकल जाँचबाट पत्ता लगाएको भन्ने उल्लेख भएको र सो बेहोरालाई घटनामा बुझिएका व्यक्तिहरूले पनि प्रतिवादीको मानसिक अवस्था ठीक नरहेको भनी गरेको बकपत्रबाट प्रतिवादीलाई दण्ड सजायको महलको १ नं बमोजिम सजायबाट उन्मुक्ति दिने भनी फैसला गरेको पाइन्छ।

[२९] ने.का.प.२०४२,अंक ५,नि.नं.२३५५

ख) *श्री ५ को सरकार वि. देव गिरी* [३०] रहेको कर्तव्य ज्यान मुद्दामा प्रतिवादीले आफ्नै १५ महिनाको छोरा दिनेश गिरीलाई हँसियाले प्रहार गरी हत्या गरेका हुन्छन्। प्रतिवादी देव गिरी कहिलेकाहीं विक्षिप्त भई नाङ्गै जथाभावी गर्ने हिँड्ने र वारदातको दिन पनि बिहानैदेखि नाङ्गै भई सेती नदीको छालतिर गइरहेकोले समाती घर ल्याएको देखिन्छ। निजले आफ्नी श्रीमतीलाई घाइते पारी आफ्नै छोराको हत्या गरेको र आफ्नो घरमा समेत आगो लगाउन खोजेकोमा प्रतिवादीलाई दण्ड सजायको महलको १ नं. बमोजिम सजाय नगर्ने गरी फैसला भएको देखिन्छ। सो मुद्दामा "आफ्नो मानसिक सन्तुलन ठीक भई होस भएको अवस्थामा गृहस्थ जीवनको सर्वोपरी जीवन सहारा आफ्नो श्रीमतीलाई मार्न सम्मकै व्यवहार गरी घाइते पार्नुको साथै बालक छोरा माथि आघातित क्षति गरी मार्न सक्नु र आफ्नो प्राण रक्षाको मुख्य साधनको लागि राखेको अन्न पात धन पैसा र बास बस्ने घर समेतमा आगो लगाई नष्ट भ्रष्ट पार्नु इत्यादि दुर्भिक्ष प्रकृया होस भएको कुनै मानव जातिबाट घट्न सक्ने सम्भाव्य घटना हो भन्न र होस भएकै अवस्थामा यी घटना घटेका हुन् भनी ठहऱ्याउन मिल्ने स्थिति जाहेरी देखि लिएर बुझिएको साक्षी सर्जमिन तथा घाइते भई बचेकी अभियुक्तकी श्रीमती समेतका घटना घटेका क्रमको बकाई लेखाई समेत आधार प्रमाणबाट समेत मुलुकी ऐन, दण्ड सजायको १ नं बमोजिम अभियुक्तलाई सजाय नगर्ने गरी गरेको इन्साफ मिल्ने देखिँदा मनासिब ठहर्ने" भनी व्याख्या भएको छ। यस मुद्दामा प्रतिवादीको श्रीमतीको बयानलाई मुख्य आधार लिएको पाइन्छ।

ग) *सुनमाया लामा समेतको जाहेरीले श्री ५ को सरकार विरुद्द कुलध्वज लामा*[३१] मा पनि दण्ड सजायको महलको १ नं को व्याख्या गर्दै प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिएको देखिन्छ। प्रतिवादी कुलध्वज लामा २०४० साल श्रावणदेखि दिमाग बिग्री बिरक्त लाग्ने बेलाबेलामा छोप्ने भइरहेको देखिन्छ। होस ठेगानमा नरहेका प्रतिवादी कुलध्वजले आफ्नी श्रीमती टुकुनीमायालाई कुटपीट गरी मारेकोमा प्रतिवादीले अनुसन्धान तथा सुरु अदालतमा आफ्नो मानसिक अवस्था ठीक नभएको कारण वारदातको बारेमा केही थाहा नभएको भनी बयान गरेको देखिन्छ। अदालतले निजको

[३०] ने.का.प,२०४४, अंक-१,नि.नं.२९७८

[३१] ने.का.प.,२०४६, नि.नं.३८४८

मानसिक अवस्था जाँच गर्न/ उपचार गर्न पठाएकोमा निजको मानसिक अवस्था ठीक नभएको भनी अस्पतालबाट प्राप्त प्रतिवेदन तथा घटनास्थलमा बुझिएका व्यक्तिहरूले अदालतमा गरेको बकपत्रसमेतका आधारमा "अभियुक्तले जानीबुझी आफूले गरेको कामको परिणाम थाहा पाउन सक्ने अवस्थामा कर्तव्य गरी मारेको भन्न सकिने अवस्था प्रमाणहरूबाट पुष्टि हुन नसकेकोले जानीबुझी आफ्नी श्रीमतीलाई कुटपीट गरी मारेको भन्न सकिने अवस्था नरहने र मगज असन्तुलन भएको अवस्था ज्यान मारेको देखिँदा दण्ड सजायको १ नं. अनुसार पागल देखिएकोले सजाय केही गर्नु नपर्ने" भनी व्याख्या गरेको देखिन्छ।

घ) *नेपाल सरकार विरुद्ध लक्ष्मी भनिने विष्णु माया अर्याल*[३२] भएको कर्तव्य ज्यान मुद्दामा प्रतिवादी लक्ष्मी भन्ने विष्णु अर्यालले आफ्नै छोरालाई बाख्रा बाँध्ने रस्सीले घाँटीमा कसी कर्तव्य गरी मारेको देखिन्छ। प्रतिवादीको स्वास्थ्य परीक्षण गर्दा परीक्षणबाट निज प्रतिवादी लगातार मानसिक असन्तुलनको अवस्था रहेको पाइएको भन्ने समेत स्वास्थ्य जाँच प्रतिवेदन रहेकोमा *"वारदातपछि अभियुक्त वारदातस्थलबाट नभागेको र कसूर लुकाउने कुनै प्रयास नभएको हुँदा साइकोसिस नामक मानसिक रोगबाट ग्रसित अभियुक्तले कसूरबाट उन्मुक्ति पाउने"* भनी प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिने गरी फैसला गरेको पाइन्छ।

५६. यसैगरी मानसिक रूपमा अस्वस्थ व्यक्तिले गरेको कार्यलाई कसूर नमानिने र सजायबाट उन्मुक्ति पाउने सम्बन्धी भारतीय दण्ड संहिताको व्यवस्थाको भारतीय सर्वोच्च अदालतले विभिन्न मुद्दामा गरेको व्याख्यालाई पनि यस प्रसँगमा सन्दर्भका रूपमा हेर्न सकिन्छ। भारतीय सर्वोच्च अदालतले *State of Punjab V. Mahinder Singh*[३३] को मुद्दामा प्रतिवादी सिजोफ्रेनियाबाट ग्रसित रहेको घटना हुनु अघि र घटना घटेको समयमा पनि प्रतिवादीको व्यवहार सामान्य नरहेको तथा घटनापश्चात् पनि प्रतिवादीले कुनै प्रमाण लोप गर्ने/गराउने कुनै कार्य नगरेको र घटनास्थलबाट पनि भागेको नदेखिएको भन्ने समेत आधारमा प्रतिवादीलाई defense of insanity अन्तर्गत सजायबाट उन्मुक्ति दिएको देखिन्छ। यसैगरी *Sunder Biragi v. State of UP*[३४] *को*

[३२] सर्वोच्च अदालत बुलेटिन २०७२,भाग ५५५,पष्ठ २२-२३।

[३३] State of Punjab V. Mahinder Singh, 1983 (1) Crimes 735 SC, 1983(1) SCALE 112a, (1983) 2 SCC 274

[३४] S*under Biragi V. State of UP, 1984,* CrLJ 124 OF 126, 127.

मुद्दामा श्रीमतीको हत्या पश्चात पनि सो घटनामा कुनै प्रतिक्रिया (No feelings of remorse and repentance) नरहेको, घटनास्थलबाट भाग्ने प्रयास नगरेको र प्रतिवादीको क्रियाकलाप अध्ययन गर्दा मानसिक रोगीको जस्तो देखिएकोले निजलाई legal insanity को आधारमा कसूरबाट उन्मुक्ति दिएको देखिन्छ। यस्तै Srikant Anandrao Bhosale v. State of Maharasta[३५] भएको मुद्दामा प्रतिवादी प्यारानोइड सिजोफ्रेनियाको बिरामी भई उपचाररत रहेको देखिएको, सोही कारणबाट लुगा धुँदै गरेकी श्रीमतीलाई ढुङ्गाले प्रहार गरी मारेको देखिएको, निज प्रतिवादीको परिवारको स्वास्थ्य विवरण हेर्दा निजको बुबालाई समेत मानसिक समस्या रहेको भन्ने देखिएको र वंशानुगत भई प्रतिवादीलाई समेत मानसिक समस्या रहेको भन्ने निजको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिएको र निजलाई मुद्दाकै सिलसिलामा पनि उपचारका लागि अस्पताल लग्नुपरेको समेतका अवस्थाहरूबाट प्रतिवादीलाई कसूरबाट उन्मुक्ति दिने गरी फैसला भएको देखिन्छ।

५७. प्रस्तुत मुद्दामा प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राई विगत केही समयदेखि झोक्राएर बस्ने, घरबाट बाहिर ननिस्कने, रक्सी खाने, स-साना कुरामा लोग्नेसँग झगडा गर्ने गरेको, उक्त व्यवहार सिजोफ्रेनिया नामक मानसिक रोगको लक्षणसँग मिल्दो जुल्दो देखिएको, प्रतिवादी आफैले बञ्चरो प्रहार गरेको मृतक लोग्नेसँग सँगै सुतिरहेको अवस्थामा फेला परेको, प्रतिवादीले वारदातको सम्बन्धमा कुनै प्रतिकृया व्यक्त नगरेको, निजले कसूरबाट भाग्ने उम्कने वा प्रमाण लोप गर्ने कुनै प्रयास गरेको नदेखिएको, प्रतिवादीको स्वास्थ्य जाँच प्रतिवेदनमा निज सिजोफ्रेनिया नामक मानसिक अस्वस्थताबाट ग्रसित भएको देखिएको र यस अदालतबाट प्रतिवादीको हालको मानसिक अवस्था बारेमा माग गरिएको स्वास्थ्य जाँच प्रतिवेदनमा समेत निज मानसिक रोगी भएको र अद्यापि औषधि सेवन गरिरहेको भन्ने प्रतिवेदन प्राप्त भएको तथा वारदातस्थलमा नै फेला परेका प्रतिवादीलाई अनुसन्धान अधिकारीले तत्काल कानून बमोजिम अदालतमा पेश गरी म्याद थप गरी मुद्दाको अनुसन्धान तहकिकात नगरी निज प्रतिवादीको लामो समयसम्म मानसिक रोगको उपचार गरी अस्पतालबाट डिस्चार्ज भएपछि मात्र अनुसन्धानको कार्य शुरु गरेको देखिएको समेतका मिसिलप्रमाणबाट वारदातका बखत यी प्रतिवादीको मानसिक अवस्था ठीक नभएको र उक्त मानसिक अस्वस्थताका कारण निजले आफूले गरेको कार्यको प्रकृति र

[३५] *Srikant Anandrao Bjosale V. State of Maharastra*, (2003) 7 SCC 748

परिणाम थाहा पाउन नसक्ने अवस्थाको भन्ने पुष्टि भएको देखिँदा मानसिक अवस्था बिग्रेकी यी प्रतिवादीले निजका पति हंश बहादुर राईलाई बञ्चरो प्रहार गरी कर्तव्य गरी मारेको कार्यमा निजलाई मुलुकी ऐन दण्ड सजायको महलको १ नं. बमोजिम सजाय गर्न मिल्ने देखिएन।

५८. तसर्थ, माथि विवेचित कानूनी व्यवस्था, आधार प्रमाण तथा यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेत बाट यी प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. बमोजिम सजाय गर्न नमिल्ने भएकाले प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको मोरङ जिल्ला अदालतको मिति २०७३।११।२७ को फैसला सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७४।११।२२ को फैसला न्यायको रोहमा मिलेको नदेखिँदा उल्टी भई प्रतिवादिले मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. अनुसार आरोपित कसूरबाट उन्मुक्ति पाउने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको राय मिलेको देखिँदा सदर भई प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले सजायबाट उन्मुक्ति पाउने ठहर्छ। माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाले व्यक्त गर्नुभएको रायसँग सहमत हुन सकिएन। अरूमा तपसिल बमोजिम गर्नू।

तपसिल

१) माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईले मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. बमोजिम सजायबाट उन्मुक्ति पाउने ठहरेकोले निजलाई थुना मुक्त गरिदिनु भनी आजै छुट्टै संक्षिप्त आदेश गरी कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा लेखी पठाएकोले सोतर्फ थप केही गरिरहनुपरेन।

२) प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईका नाउँमा शुरु जिल्ला अदालतको फैसलाले कायम गरेको सजायको लगत कट्टा गर्नू भनी मोरङ जिल्ला अदालतमा लेखी पठाउनू।

३) प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालय र प्रतिवादी ऐश्वर्य भन्ने आइसोरी राईलाई दिनू।

४) प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी मुद्दाको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा सहमत छौं।

(अनिल कुमार सिन्हा)
न्यायाधीश

(हरिकृष्ण कार्की)
न्यायाधीश

इजलास अधिकृतः- कृष्णशोभा सुवाल

अनुसन्धानः उपरजिष्ट्रार शिव वाग्ले / शा.अ. सदिक्षा नेपाल

इति सम्वत् २०७९ साल असार २ गते रोज ५ शुभम्.....।